**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
**विज्ञापनको लागि सूचना**
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७ ६६२०५५९

★ वर्ष : २८ ★ अङ्क :१२७ ★ ने. सं. ११४६ अनला थ्व, चतुर्दशी ★ शनिबार ★ १६ जेठ, २०८३ ★ May 30, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे निर्णयको अंश – २

भदौ २३ गते शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूलाई योजनाबद्ध तवरबाट उक्साई, आक्रोशित बनाई सुरक्षाकर्मी र संसद् भवनमाथि आक्रमण गर्ने TOB लेखिएका कालो टिसर्ट लगाएका र हात तथा शरीरमा TOB लेखिएको ट्याटु खोपेका १५/२० जनाको बाइकर ग्रुपका व्यक्तिहरूको पहिचान, निजहरूको आयोजकहरूसँग के कस्तो सम्बन्ध (Connection) रहेको छ ? यिनीहरू कसैबाट सञ्चालित हुन् कि होइनन् ? भन्ने विषय अनुसन्धान प्रतिवेदनवाट नदेखिएको हुँदा उल्लेखित प्रदर्शनकारीहरूलाई उक्साउने, भड्काउनेमा स्पष्ट रूपमा संलग्न देखिएको TOB लेखिएको कालो T-shirt लगाएका र हात तथा शरीरमा TOB लेखिएको ट्याटु खोपेका १५/२० जनाको बाइकर ग्रुपको वास्तविक अवस्था बारेमा थप अनुसन्धान गरी निष्कर्षमा पुग्नुपर्ने देखिन्छ ।

उक्त प्रदर्शनलाई व्यवस्थापन गर्न राज्य पक्षबाट के-कस्ता उपायहरू अवलम्बन गरिए ? ती उपायहरू प्रचलित नेपाल कानुन तथा बल प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्त तथा मानव अधिकारसम्बन्धी सिद्धान्त अनुकूल थिए, थिएनन् ? भन्नेतर्फ विचार गर्दा सुरक्षा फौजले दिएको टाइम लाइन, सुरक्षा अधिकारीहरूले गरेको बयान, तत्काल गरेका सञ्चारका संवाद, सुरक्षा फौजका पदाधिकारीहरू र प्रमुख जिल्ला अधिकारीसमेतको बयान समग्रमा अध्ययन गर्दा कानुन कार्यान्वयन गर्ने अधिकारीले बल प्रयोग र गोली गट्ठाको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त १९९० (Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials, 1990) को बारेमा अधिकांश सुरक्षा अधिकारीहरूलाई जानकारी रहेको र उक्त सिद्धान्तलाई पालना गरेको भन्ने समेत जिकिर लिएको पाइयो । माइतीघरबाट ३/४ हजारको सङ्ख्याबाट सुरु भएको विरोध प्रदर्शन एक डेढ घण्टामा नै २०/२५ हजारको सङ्ख्या पुगी प्रहरी ब्यारिकेड तोडी निषेधित क्षेत्रतर्फ प्रवेश गरेपछि सो भिडलाई व्यवस्थापन गरी शान्ति सुव्यवस्था कायम गर्न लाठी चार्ज, अश्रुग्याँस, पानीका फोहोरा आदि जस्ता विकल्प प्रयोग गर्दा पनि कुनै उल्लेख्य उपलब्धि नदेखिएको । विद्यार्थीलाई ढाल बनाई अर्कै समूहले विध्वंसात्मक कार्य गरेको, प्रहरी कर्मचारी उपर नै आक्रमण हुन थालेको र संसद् भवनको चारैतर्फबाट प्रदर्शनकारीहरू प्रवेश गरी तोडफोड तथा आगजनी गर्न सुरु गरेको, प्रदर्शनमा घुसपैठ भई संसद्का कङ्क्रिटका पर्खालहरू भत्काएको, संसद् परिसरमा ४० हजार लिटर डिजेलजस्ता प्रज्ज्वलनशील पदार्थ भण्डारण भएकोमा सो भवनसमेत सुरक्षा गर्नु सुरक्षा फौजको दायित्व रहेको, जन धनको सुरक्षा र आत्मरक्षाको लागि अन्तिम विकल्पको रूपमा बल प्रयोग गर्नुपरेको भन्ने सुरक्षाफौजका पदाधिकारीले जिकिर लिएको पाइन्छ ।

उल्लेखित जिकिरहरूलाई मानव अधिकारको दृष्टिकोणवाट विश्लेणण गर्नुपर्दा सबैभन्दा पहिले संसद् भवनको सुरक्षाको बारेमा अध्ययन गर्नुपर्ने देखियो । संसद् भवनको सुरक्षा व्यवस्थातर्फ हेर्दा उक्त भवनमा एकातर्फ भदौ २३ गतेभन्दा धेरै अगाडिदेखि नै संसद् भवनको सुरक्षार्थ नेपाल प्रहरीको एक टुकडी Special Task Force (STF) रहेको र बाहिर सडकमा भइरहेको प्रदर्शनकारीलाई नियमित गर्ने अर्को सुरक्षा फौजको समूह रहेको देखियो, जसमा सशस्त्र प्रहरी र नेपाल प्रहरी तथा अनुसन्धान विभागका कर्मचारीसमेत खटिरहेको अवस्था देखिन्छ । यी सुरक्षा समूहबिच खास तालमेल र सञ्चार संवादमा कमी कमजोरी भएको कुरा सुरक्षाकर्मीको बयान तथा मिसिल संलग्न अन्य प्रमाणबाट समेत देखिन्छ ।

शान्तिपूर्ण प्रदर्शनका लागि माइतीघरमा उपस्थित भएका प्रदर्शनकारीहरू ऱ्याली गर्दै बबरमहल पुलतर्फ बढ्दा जेनजी पुस्ताको प्रदर्शनको उद्देश्यविपरीत व्यापक मात्रामा घुसपैठ हुन गई ब्यारिकेड तोडी, निषेधित क्षेत्रमा प्रवेश गरेपछि प्रदर्शनकारीहरू र सुरक्षाकर्मीहरूबिच निरन्तर झडप भएको देखिन्छ । प्रदर्शनकारीले लाठी, तीर, गुलेलीसमेतका सामग्रीहरू प्रयोग गरेका सङ्घीय संसद् भवनको पर्खालमा तोडफोड गरी गेटमा आगजनीसमेत गरी सुरक्षाकर्मीलाई ज्यानको खतरा हुन सक्ने सम्भावना देखिएबाट प्रहरीले अश्रुग्याँस प्रहार गरी प्रदर्शनकारीलाई तितरबितर पार्न खोजेको तर प्रदर्शनकारी त्यसबाट अझ आक्रोशित भई प्रहरीतर्फ नै आक्रामक भएका र प्रदर्शनकारीहरूले प्रहरीहरूलाई लखेटिरहेकोजस्ता CCTV समेतका श्रव्य दृश्यहरूबाट देखिन्छ । कुनै प्रकारको हतियारको प्रयोगलाई घटाउन कार्यस्थलमा खटिएका प्रहरीहरूको लागि ढाल (सिल्ड), हेल्मेट्स, बुलेटप्रुफ भेस्टस् बुलेटप्रुफ सवारी साधनजस्ता आत्मसुरक्षाका उपकरणहरू उपलब्ध गराउनुपर्नेमा सरकारले आवश्यक मात्रामा त्यस्ता उपकरणहरू उपलब्ध नगराएको भन्ने फिल्डमा खटिएका सुरक्षाकर्मीहरूको बयानबाट खुल्न आएको छ । प्रहरीले प्रदर्शनकारीहरूलाई पक्राउ गर्न सक्ने अवस्था नै नदेखिएको, उल्टै प्रहरी आफ्नो जीवन रक्षार्थ दौडिनुपरेको, बाध्य भई गोली चलाउनुपर्ने परिस्थिति निर्माण भएको अवस्थासमेत सृजना भएको भन्ने सुरक्षाकर्मीहरूको बयानमा खुल्न आएको छ । उल्लिखित व्यहोराबाट राज्यले आफ्ना सुरक्षाकर्मीहरूलाई आवश्यक मात्रामा पर्याप्त सुरक्षा उपकरण उपलब्ध गराउन नसक्दा र सुरक्षाकर्मीबाट सावधानीपूर्वक हातहतियारको प्रयोग र नियन्त्रण हुन सकेको पाइएन । त्यसैगरी, प्रदर्शनरत पक्ष, आयोजकसमेतले प्रदर्शनकारीलाई संयमित अवस्थामा राख्न नसक्दा मानव अधिकारको उल्लङ्घन हुन गएको देखिन्छ ।

## भक्तपुरमा दाफा प्रदर्शनीको उद्घाटन : नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्नु आवश्यक



भक्तपुर, १५ जेठ । भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको आयोजनामा जेठ १५ र १६ गते नासमना टोलमा हुने भक्तपुर नगरव्यापी दाफा प्रदर्शनीको शुक्रबार उद्घाटन भयो । उक्त उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले संस्कृति संरक्षण कसरी गर्ने भन्ने सन्देश देशभर दिन यस्ता गतिविधि सञ्चालन गरिएको बताउनुभयो । उहाँले सम्पदा बचाउने उद्देश्यसहित नगरपालिकाले निरन्तर सांस्कृतिक कार्यक्रम गर्दै आएको र दाफा पनि परम्परागत संस्कृति र पहिचानको महत्त्वपूर्ण अंश भएको बताउनुभयो ।

प्रमुख प्रजापतिले प्रगतिशील भजन प्रतियोगिता सञ्चालन गर्नु पनि एउटा पृथक र महत्वपूर्ण काम भएको उल्लेख गर्दै दाफा तथा भजनलाई लिपिबद्ध गर्ने प्रयास भइरहेको जानकारी दिनुभयो । नयाँ पुस्तालाई यस क्षेत्रमा समावेश गर्दै संस्कृति हस्तान्तरण गर्ने अभियानलाई उहाँले अगाडि बढाएको बताउनुभयो ।

"दाफा भजनजस्तो मौलिक संस्कृतिलाई जोगाउने प्रयास हामीले निरन्तर गरिरहेका छौं," भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बताउनुभयो ।

उहाँले दाफा भजन साङ्गीतिक परम्परा मात्र नभई नेपाली समाजको सांस्कृतिक पहिचान र ऐतिहासिक सम्पदा भएको उल्लेख गर्दै यसको संरक्षणमा सबै पक्ष एकजुट हुनुपर्ने बताउनुभयो ।

उहाँले नयाँ पुस्तालाई दाफा संस्कृतिसँग जोड्दै पुस्तान्तरण गर्ने अभियानलाई नगरपालिकाले प्राथमिकतामा राखेको पनि जानकारी दिनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष

***बाँकी पृष्ठ ८ मा***

**भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.**
ब्यासी–२, भक्तपुर
०१–६६१७५८७, ९७६१८०७४२१

**कर्मचारी आवश्यकता**

प्रथमपटक प्रकाशित २०८३।०२।१६ गते

यस संस्थाको लागि तपसिलका कर्मचारीहरू पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक महानुभावहरूबाट दर्खास्त आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.स | पद | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|---|
| १. | लेखा सहायक | १ | प्रवीणता प्रमाणपत्र तह/+२ वा सो सरह उत्तीर्ण | संस्थाको नियमानुसार |
| २. | दैनिक सङ्कलक | १ | SEE वा सो सरह उत्तीर्ण | |

**विशेष ग्राह्यता** : १) लेखा र कम्प्युटरसम्बन्धी दक्ष भएको ।
२) सवारी चालक अनुमतिपत्र (मोटरसाइकल वा स्कुटर) भएको ।
**उमेर हद** : १६ वर्ष पूरा भई ३५ वर्ष ननाघेका ।
**लेखा सहायक निवेदन दस्तुर** : रु.२००।–
**दैनिक सङ्कलक निवेदन दस्तुर** : रु.१००।–
**निवेदन हस्तलिखित हुनुपर्नेछ ।**
**आवश्यक कागजातहरू** : नागरिकताको प्रतिलिपी, फोटो १ प्रति
: बायोडाटा र शैक्षिक योग्यताका प्रमाणपत्रहरू
**निवेदन दिने अन्तिम मिति** : २०८३ जेठ ३१ गतेसम्म
**सम्पर्क मिति** : म्याद नाघेको दिनको भोलिपल्ट
**लेखा सहायकको छनोट प्रक्रिया** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक हुनेछ ।
**दैनिक सङ्कलकको छनोट प्रक्रिया**: लिखित र अन्तर्वार्ता हुनेछ ।
**आवेदन गर्ने समय** : कार्यालय समय बिहान ७:०० बजेदेखि १:०० बजेसम्म

**पदपूर्ति समिति**

## सङ्घीय संसद्को संयुक्त बैठकमा आ.व. २०८३/८४ को बजेट प्रस्तुत

काठमाडौं, १५ जेठ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्नुभएको छ । सङ्घीय संसद्को संयुक्त बैठकमा उहाँले शुक्रबार आर्थिक वर्ष २०८३/८४ को आय-व्ययको अनुमानित विवरण प्रस्तुत गर्नुभएको हो ।

यसअघि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले बजेट वक्तव्य स्वीकृत गरेको थियो ।

चालु आर्थिक वर्षको लागि अघिल्लो सरकारले रु. १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट विनियोजन गरेको थियो । जसमा कुल विनियोजनमध्ये चालुतर्फ रु. ११ खर्ब ८० अर्ब ९८ करोड, पुँजीगततर्फ रु. ४ खर्ब ७ अर्ब ८९ करोड विनियोजन गरिएको थियो । यस्तै वित्तीय व्यवस्थातर्फ रु. ३ खर्ब ७५ अर्ब २४ करोड बराबरको व्यवस्था गरिएको थियो । सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

पछिल्ला वर्षहरूमा राजस्व वृद्धिदर निरन्तर ह्रास आइरहेको बेलामा राजस्व बाँडफाँटबाहेक १४ खर्ब ५ अर्ब रुपैयाँको राजस्वको आधार देखाएर २१ खर्ब २४ अर्बको बजेट अर्थमन्त्री वाग्लेले प्रस्तुत गर्नुभएको हो ।

# वडाव्यापी खुला कसिमला पाँय् प्रतियोगिता सुरु



भक्तपुर, १५ जेठ। २ वडा युवा तथा खेलकुद समितिको आयोजनामा वडाव्यापी खुला कसिमला पाँय् प्रतियोगिता सुरु भएको छ। उद्घाटन कार्यक्रममा वडा अध्यक्ष हरिप्रसाद बासुकलाले स्वस्थ जीवनको लागि कुनै न कुनै खेलकुद गतिविधिमा नियमित लाग्नुपर्ने बताउनुभयो। खेल मित्रता र अनुशासनको लागि भएकोले स्थानीय टोल छिमेक र वडावासीसँगै प्रतिस्पर्धा गर्न पाउनुले आत्मीयता बढ्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कसिमला पाँय् प्रतियोगिताका निर्णायक रोशनराज तुईतुईले कसिमला पाँय्को ऐतिहासिक विवरण, स्थानीय पाठ्यक्रममा समावेशका साथै पुनर्जीवनले मौलिक खेलको जगेर्ना भएकोमा खुसी व्यक्त गर्नुभयो।

आयोजक समितिका संयोजक पुण्यराम स्वंगमिखाले वडाबाट विभिन्न खेलकुद गतिविधि गर्नुका साथै राष्ट्रियस्तरमा वडाका खेलाडीहरूलाई सहभागी गराई सफलता हासिल गरेको बताउनुभयो।

प्रतियोगिताको सेमिफाइनलमा शारदा मा.वि.का सुजेन खर्बुजा कृष्णप्रसाद किलम्बुलाई पराजित गरी फाइनलमा प्रवेश गरे भने न्हुच्छेभगत सुवालले रामेश्वर कोजुलाई पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेका छन्। तेस्रो स्थानको लागि भएको खेलमा कृष्णप्रसाद किलम्बुले रामेश्वर कोजुलाई पराजित गरेका छन्। फाइनल खेल शारदा मा.वि.का सुजेन खर्बुजा र न्हुच्छेभगत सुवालबिच हुने जानकारी प्रतियोगिता सञ्चालन समितिका संयोजक कृष्णप्रसाद सुवालले दिनुभयो।

शनिबार कसिमला पाँय् प्रतियोगिताको फाइनल खेलका साथै वडाव्यापी विद्यालयस्तरीय ४०० र ८०० मिटर छात्र/छात्रा दौड प्रतियोगिता गरी पुरस्कार तथा समापन कार्यक्रम हुने जानकारी समितिका सदस्य अजेन्द्रकुमार लघुले दिनुभयो।

# ख्वप कलेजमा पाँचौँ राष्ट्रिय सम्मेलन हुने

– सुनिता गाइसी

भक्तपुर, १५ जेठ। ख्वप कलेजद्वारा पाँचौँ राष्ट्रिय सम्मेलन आयोजना हुँदै छ। 'Empowering Voices : Social Science Perspective on Gender, Justice and Change' भन्ने मूल नाराका साथ एकदिने सम्मेलन जेठको १७ गते आइतबार ख्वप कलेजमा हुँदै छ।

यस सम्मेलनमा देशभरका ६ वटा विश्वविद्यालयका प्राध्यापक, अनुसन्धानकर्ता तथा विद्यार्थीहरूका ४६ वटा अनुसन्धानमूलक लेख प्रस्तुत गरिने छ। कार्यक्रमलाई ८ वटा प्राविधिक सत्रमार्फत सञ्चालन गर्ने जानकारी सम्मेलन समितिका संयोजक डा. राजकुमार प्रधानले दिनुभयो।

सम्मेलनले सामाजिक विज्ञानका क्षेत्रमा भइरहेका अनुसन्धान, बहस तथा समसामयिक सामाजिक मुद्दामाथि गहन छलफल गर्ने अवसर प्रदान गर्नेबारे संयोजक डा. प्रधानले बताउनुभयो।

सम्मेलनको प्रमुख वक्ता (Keynote Speaker) नेपाल तथा एसियाली अध्ययन केन्द्र (सिनास) का कार्यकारी निर्देशक सह-प्राध्यापक डा. मृगेन्द्रबहादुर कार्की हुनुहुन्छ।

सम्मेलनमा प्रस्तुत हुने अनुसन्धानपत्रहरूमा लैङ्गिकताका सवाल, महिला सशक्तीकरण, सामाजिक समावेशिता, सामाजिक परिवर्तन, परम्परागत पेसामा परिवर्तन, साहित्य, शिक्षा, अर्थशास्त्र, व्यवस्थापन, कानुनलगायतका विविध पक्ष समेटिएका छन्। विभिन्न प्राविधिक सत्रमार्फत सहभागीहरूले आफ्ना अनुसन्धान निष्कर्षका प्रस्तुत गर्नेछन्। शैक्षिक क्षेत्रमा यस्ता राष्ट्रिय सम्मेलनहरूको विशेष महत्त्व रहने गर्दछ। सम्मेलनले अनुसन्धानकर्ता, प्राध्यापक तथा विद्यार्थीहरूलाई आफ्ना अनुसन्धान निष्कर्ष साथै नयाँ ज्ञान, अवधारणा र दृष्टिकोण विकास गर्न सहयोग पुऱ्याउँछ। विभिन्न विश्वविद्यालय र अनुसन्धान संस्थाबिच सहकार्य, नेटवर्किङ तथा शैक्षिक सम्बन्ध विस्तार गर्न पनि यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास गरिएको छ। यसले अनुसन्धानमुखी शैक्षिक वातावरण निर्माण गर्न तथा समाजका समसामयिक समस्यामाथि वैज्ञानिक बहसलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले यस्ता शैक्षिक गतिविधिले विद्यार्थी तथा अनुसन्धानकर्तालाई नयाँ ज्ञान, विचार र अनुभव आदान-प्रदान गर्ने अवसर प्रदान गर्ने उल्लेख गर्नुभयो। उहाँले कलेजलाई अनुसन्धानमुखी शैक्षिक केन्द्रको रूपमा विकास गर्ने लक्ष्यलाई यस सम्मेलनले थप सुदृढ बनाउने बताउनुभयो।

# चाँगु नपामा प्रशिक्षण कार्यक्रम

भक्तपुर, १५ जेठ। २०८ औं कार्ल मार्क्स जयन्तीको अवसरमा नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा प्रशिक्षण कार्यक्रम शुक्रबार भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष न्हुछेभक्त फोजुले मार्क्सको जीवनीबाट शिक्षा लिई समाजवादी व्यवस्था स्थापनाको लागि कार्यकर्ताहरू इमानदारीपूर्वक जनताको सेवामा लाग्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "पार्टी कार्यकर्ताहरूले पार्टी प्रकाशनका अतिरिक्त दर्शनशास्त्र, इतिहास, भूगोल, समाजविज्ञान, अर्थशास्त्र विषयका सन्दर्भ सामग्रीहरू अध्ययन गरी सैद्धान्तिक स्तर बढाउनु आवश्यक छ।"

नारायणभक्त न्हेमाफुकीको सभापतित्वमा भएको उक्त कार्यक्रममा श्रीराम सुवाल, एसबी फोजुलगायतले बोल्नुभएको थियो।

# सिद्धि गणेश साकोसको आयोजनामा दुईदिने साकोस व्यवस्थापन तालिम




भक्तपुर, १५ जेठ। सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा दुईदिने साकोस व्यवस्थापन तालिम सिद्धि गणेश तालिम, खँचामा शुक्रबार शुभारम्भ भयो।

तालिममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले नीति र नियममा बचत तथा ऋण सहकारी संस्थाले कृषि कार्य गर्न नहुने उल्लेख गरिएको हुनाले कृषि कार्य गर्न सिद्धि कृषि सहकारी संस्थाको स्थापना संस्थाको अगुवाइमा भएको बताउनुभयो।

उहाँले सिकाइ एक निरन्तर प्रक्रिया रहेको बताउँदै संस्थाले नियमित अध्ययन अवलोकन भ्रमण गर्दै आएको बताउनुभयो। समुदायमा आधारित समुदायको बिच कार्य गर्दै आएको बताउँदै अध्यक्ष लाखाले सहकारी स्थापना भएको दुई वर्षमा नै नमुना सहकारी घोषणा गरिएकोले सहकारीलाई अगाडि बढाउने हौसला मिलेको बताउनुभयो।

तालिमको दोस्रो सेसनमा संस्थाका सञ्चालक सदस्य राजन लाखाजुले सहकारी संस्थाका सञ्चालक सदस्यमा हुनुपर्ने महत्त्वपूर्ण सीप र ज्ञान तथा परिवर्तनशील नेतृत्वको क्षमताबारे प्रकाश पार्नुभयो।

उहाँले संस्था व्यक्तिले नभई नीतिले सञ्चालन गर्नुपर्नेमा जोड दिँदै संस्थामा नीतिभन्दा व्यक्ति हाबी हुँदा संस्था समस्यामा पर्ने बताउनुभयो।

तालिमको तेस्रो सेसनमा संस्थाका व्यवस्थापक शिला गोसाईले मानिस स्वस्थ भए नभएको पहिचान गर्न विभिन्न चिकित्सा परीक्षण गर्नुपर्छ भने झैँ संस्था स्वस्थ भए नभएको पहिचान गर्ने व्यवस्थापकीय औजारको रूपमा एम्वीक प्रणाली रहेको बताउँदै एम्वीक अनुगमन प्रणालीका सूचाङ्कबारे जानकारी गर्नुभयो।

# विद्यार्थीहरूको लागि एकदिने आत्मरक्षा अभिमुखीकरण कार्यक्रम

भक्तपुर, १५ जेठ। सूर्यविनायक नगरपालिकाको आयोजनामा सूनपाका ५२ वटा संस्थागत विद्यालयका विद्यार्थी तथा शिक्षक-शिक्षिकाहरूको लागि एकदिने आत्मरक्षा, प्रजनन स्वास्थ्य, यौनजन्य हिंसा तथा विभेदजन्य कुरीतिसम्बन्धी अभिमुखीकरण कार्यक्रम सूर्यविनायक नगरपालिकाका उपमेयर सरिता तिमिल्सिना भट्टराईको उपस्थितिमा न्यातापोल ब्याङ्क्वेट, घलाटेमा बिहीबार सम्पन्न भयो।

एकदिने आत्मरक्षा, प्रजनन स्वास्थ्य, यौनजन्य हिंसा तथा विभेदजन्य कुरीतिसम्बन्धी अभिमुखीकरण कार्यक्रमको प्रशिक्षण सामाजिक अभियन्ता तथा आत्मरक्षा प्रशिक्षक पद्मा खयरगोली तथा प्रशिक्षक रवीन्द्र श्रेष्ठले ३२० जना विद्यार्थी तथा शिक्षक-शिक्षिकाहरूलाई प्रशिक्षण दिनुभयो।

सूर्यविनायक नगरपालिकाअन्तर्गत लैङ्गिक तथा समावेशीकरण शाखाको तत्वावधानमा सूनपाका वडा नं १ देखि १० वटै वडामा रहेका संस्थागत विद्यालयहरूलाई आत्मरक्षा, प्रजनन स्वास्थ्य, यौनजन्य हिंसा तथा विभेदजन्य कुरीतिसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रमको लागि पत्राचार गरिएकोमा ५२ वटा संस्थागत विद्यालयका ५ जना किशोरीसहित शिक्षक-शिक्षिकाहरूको सक्रिय सहभागिता रहेको छ।

गत वर्ष २०८२ मा ५ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई विद्यालयमा नै आत्मरक्षा तालिम दिएकोमा, यो वर्ष संस्थागत विद्यालयलाई मात्र दिइएको हो।

अबका दिनमा किशोरी मात्र होइन किशोरलाई पनि जनचेतनामूलक आत्मरक्षा, प्रजनन स्वास्थ्य, यौनजन्य हिंसा तथा विभेदजन्य कुरीतिसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहभागी गराउने योजना रहेको सूनपाका लैङ्गिक तथा समावेशीकरण शाखाका अधिकृत विजया सुवेदीले जानकारी दिनुभयो।

# एआई टुल्सको व्यवहारिक ज्ञान र सीप विकाससम्बन्धी तालिम

भक्तपुर, १५ जेठ। जेठ १४ र १५ गते सुधार बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा दुईदिने एआई (कृत्रिम बौद्धिकता) टुल्सको व्यवहारिक ज्ञान, सीप विकाससम्बन्धी तालिम मनोरम बोर्डिङ स्कूलको सभा कक्षामा सम्पन्न भयो।

कार्यक्रममा संस्थाका अध्यक्ष रामकृष्ण बखुन्छेले नयाँ प्रविधिलाई समाज हितमा सही तरिका प्रयोग गर्न सकेमा झूटको खेती, आत्मविश्वास घट्ने खालको गतिविधि रोक्न सकिने बताउनुभयो। एआई प्रविधिलाई अवसरको रुपमा सदुपयोग गर्नुपर्ने उहाँले बताउनुभयो।

कार्यक्रममा निवर्तमान अध्यक्ष महेन्द्र बखुन्छेँले कृत्रिम बौद्धिकतालाई सही तरिकाले संस्थाको प्रवर्द्धन, व्यवसाय वृद्धि, डिजिटल सामग्री निर्माणमा प्रभावकारी हुने बताउनुभयो।

कार्यक्रममा प्रशिक्षक श्रीराम कासिछ्वाले हामी भर्खर नयाँ प्रविधिमा जाँदै गर्दा सही तरिकाले प्रयोग भएमा संस्था मात्र नभई देशलाई नै अगाडि बढाउन सजिलो हुने बताउनुभयो।

संस्थाको शिक्षा तथा स्वास्थ्य उपसमितिका संयोजक राजेन्द्र बखुन्छेँको सभापतित्वमा भएको कार्यक्रममा मनोरम बोर्डिङ स्कूलका प्राध्यापक महेश गुमाञ्जु, प्रशिक्षार्थी रामगोपाल भुजु र रामप्यारी न्हेम्हफुकीले पनि बोल्नुभएको थियो।

# शारदा माविमा बृहत् निःशुल्क स्वास्थ्य शिविर सम्पन्न



भक्तपुर, १५ जेठ। गणतन्त्र दिवसको अवसरमा यालाछेँ २ स्थित शारदा माध्यमिक विद्यालयको आयोजना र काठमाडौं मेडिकल हस्पिटल दुवाकोट तथा विद्यालय नर्सको प्राविधिक सहयोगमा शुक्रबार भएको बृहत् निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

शुक्रबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म विद्यालयको प्राङ्गणमा भएको उक्त शिविरमा अभिभावक, विद्यार्थी, शिक्षक, पत्रकारलगायत सर्वसाधारणको बाक्लो उपस्थिति थियो।

उक्त शिविरमा जनरल मेडिकल, स्त्री रोग, बाल रोग, शल्यक्रिया (सर्जरी), हाड जोर्नी तथा नशा रोग, नाक, कान, घाँटी, आँखा रोग, दन्त रोग, ईसीजी, भिडियो एक्सरे, ल्याब टेस्टलगायतका १२ भन्दा बढी स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो।

शिविरमा ३६० जना विभिन्न रोगका बिरामीहरूले निःशुल्क उपचार सेवा प्राप्त गरेको आयोजक विद्यालयका प्रधानाध्यापक रोशनराज तुइतुईले जानकारी गराउनुभएको छ।

शिविरमार्फत साधारण प्रकारका बिरामीका लागि निःशुल्क औषधि वितरण गरिएको थियो। शिविरमा उपचार हुन नसकेका बिरामीका लागि न्यून शुल्कमा सोही हस्पिटलमा उपचार गर्ने व्यवस्था भएको पनि जानकारी गराइएको थियो।

## सङ्क्षिप्त समाचार

# हेटौँडामा गणतन्त्र दिवस मनाइयो

मकवानपुर १५ जेठ। वाग्मती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले प्रदेश सरकार र स्थानीय निकायका जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने बताउनुभएको छ। गणतन्त्र दिवसको अवसरमा वाग्मती प्रदेश मूल समारोह समितिद्वारा आज हेटौँडामा आयोजित कार्यक्रममा उहाँले सुशासन कायम गर्न दलहरू एकजुट हुनुपर्ने बताउनुभयो।

वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश सरकारले स्थानीय निकायसँग समन्वय सहकार्य गर्दै जनताको आधारभूत आवश्यकता पूरा गर्ने बताउनुभयो।

त्यसअवसरमा वाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले राजनीतिक दलहरूले आफूलाई विगतमा भएका गल्तीहरूको आत्मसमीक्षा गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा प्रदेश प्रमुख देवकोटा र मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गणतन्त्र दिवस मूल समारोह समितिद्वारा आयोजित खेलकुद, झाँकी प्रदर्शन र माध्यमिक विद्यालय स्तरीय निमन्त्रण प्रतियोगितामा पुरस्कृत हुनुभएका विभिन्न व्यक्तिहरूलाई क्रमश: पुरस्कार र प्रशंसापत्र प्रदान गर्नुभएको थियो।

चार सञ्चारकर्मी पुरस्कृत

गणतन्त्र दिवसको अवसरमा वाग्मती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गणतान्त्रिक आन्दोलन र पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका चार जना सञ्चारकर्मीलाई पुरस्कृत गरेको छ।

पुरस्कृत हुनेमा मकवानपुरका कुमार अधिकारी र सुनिता विष्ट, रामेछापका युवराज श्रेष्ठ र ललितपुरका कृष्ण विष्ट हुनुहुन्छ।

उहाँहरूलाई प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा र मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले रु. ५० हजार नगद र प्रमाणपत्र प्रदान गर्नुभयो। *(रासस)*

# देशभर ३२ हजार ३२५ सहकारी, शेयर पुँजी एक खर्ब ४३ अर्ब २९ करोड

काठमाडौँ, १५ जेठ। अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८२/२०८३ को आर्थिक सर्वेक्षणमा २०८२ फागुन मसान्तसम्म देशभर दर्ता भएका सहकारीको सङ्ख्या ३२ हजार ३२५ पुगेको उल्लेख छ।

सहकारी क्षेत्रमा रु. १० खर्ब २९ अर्ब ५७ करोड बचत परिचालन भएको छ भने ८२ हजार २१६ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्।

सहकारीसम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा २०८२ फागुन मसान्तसम्म १९ हजार ९०३ सहकारी आबद्ध भएका छन्। कोपोमिसमा २०८१ असार मसान्तसम्म १८ हजार ८९७ सहकारी आबद्ध भएका थिए।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नेपालको सहकारी क्षेत्रको नियमन गर्दै ८३४ सहकारी संस्थालाई सञ्चालन इजाजतपत्र प्रदान गरेको छ।

सङ्घीय सरकारबाट समस्याग्रस्त घोषित २३ सहकारी संस्थामध्ये तीन संस्था राफसाफ भएको छ। बाँकी २० सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी छ।

हालसम्म विभिन्न चरणमा कूल ८० हजार ८७ दाबीकर्ताको रु. ४७ अर्ब ६० करोड १३ लाख माग दाबी दर्ता भएको छ।

हालसम्म तीन हजार ६८८ दाबीकर्तालाई पूर्ण रूपमा कूल रु. दुई अर्ब ५४ करोड ६८ लाख माग दाबी भुक्तान गरिएको छ। साथै चालु आर्थिक वर्षको फागुनसम्म आठ हजार ७६३ दाबीकर्तालाई रु. १२ करोड २३ लाख रकम फिर्ता गरिएको सर्वेक्षणमा उल्लेख छ। *(रासस)*

# सगरमाथा दिवस: विश्वसामु नेपालको गौरव र हिमाली पर्यटनको

काठमाडौँ, १५ जेठ। विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणको ऐतिहासिक सफलताको स्मरणमा शुक्रबार यहाँ विभिन्न कार्यक्रम आयोजना गरी सगरमाथा दिवस मनाइयो।

सन् १९५३ मे २९ मा न्युजिल्यान्डका पर्वतारोही एडमण्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलोपटक सगरमाथाको सफल आरोहण गर्नुभएको दिनको सम्झनामा हरेक वर्ष यो दिवस मनाउने गरिन्छ।

सगरमाथा नेपालका लागि केवल हिमाल मात्र नभई राष्ट्रिय गौरव, पर्यटन विकास र अन्तर्राष्ट्रिय पहिचानको प्रतीकका रूपमा स्थापित छ। पर्यटन विभागका अनुसार आठ हजारभन्दा बढीले सगरमाथाको सफल आरोहण गरिसकेका छन्। विश्वका १४ वटा अग्ला हिमालमध्ये आठ वटा नेपालमा छन्। सन् २०२१ मा नेपाल र चीनले संयुक्त रूपमा गरेको पुन:मापनअनुसार सगरमाथाको उचाइ आठ हजार ८४८ दशमलव ८६ मिटर निर्धारण भएको छ।

यस दिवसका अवसरमा सरकारी निकाय, पर्यटन व्यवसायी, पर्वतारोहणसम्बन्धी सङ्घसंस्था तथा स्थानीय तहले हिमाली पर्यटन, सुरक्षित पर्वतारोहण र वातावरण संरक्षणसम्बन्धी कार्यक्रम आयोजना गरेका छन्।

जलवायु परिवर्तनका कारण हिमाल क्षेत्रमा हिउँ पग्लिने, हिमतालको जोखिम बढ्ने तथा वातावरणीय प्रभाव देखिन थालेकाले हिमाल संरक्षणलाई विशेष प्राथमिकता दिनुपर्ने सरोकारवालाले बताएका छन्।

पर्वतीय पर्यटन नेपालको अर्थतन्त्र, रोजगारी र विदेशी मुद्रा आर्जनको महत्त्वपूर्ण आधार मानिन्छ। प्रत्येक वर्ष विश्वका विभिन्न मुलुकबाट हजारौँ पर्यटक तथा पर्वतारोही नेपाल आउने गरेका छन्। सगरमाथा आरोहणले नेपाललाई विश्व पर्यटन नक्सामा विशेष पहिचान दिलाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको मानिन्छ।

यस अवसरमा नेपाल पर्वतारोहण सङ्घले हिमाली क्षेत्रको दिगो संरक्षण, स्वच्छता, सुरक्षित आरोहण र स्थानीय समुदायको जीवनशैली जोगाउन सबै पक्षको साझा प्रयास आवश्यक भएको जनाएको छ। *(रासस)*



**कोरला नाकाबाट भित्रिएका विद्युतीय सवारी**

नेपाल-चीन उत्तरी कोरला नाका हुँदै नेपाल भित्रिएका विद्युतीय (ईभी) सवारी। एक हप्तामा मुस्ताङ भन्सार कार्यालय न्हेचुङमा जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गर्ने क्रममा चार्जिङका लागि जोमसोम बसपार्कमा पार्किङ गरी राखिएका विद्युतीय सवारी। *तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# मल सङ्कट र पर्यावरणीय चुनौती चिर्न 'जलवायु च्याम्पियन' अभियान

**- सुदिप राउत**

सिरहा, १५ जेठ। यही जेठ ७ गते कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गतको कृषि विकास महाशाखाले एउटा सार्वजनिक सूचना जारी गर्यो। पश्चिम एसियामा जारी द्वन्द्वका कारण रासायनिक मलको विश्वव्यापी आपूर्ति शृङ्खला खण्डित भएको र वर्षे धान बालीको सिजनमा रासायनिक मलको समस्या हुनसक्ने सरकारी प्रक्षेपण उक्त सूचनामा जनाइएको छ।

सरकारले रासायनिक मलको विकल्पमा गँड्यौला मल, गोठेमल र हरियो मल (ढैँचा)जस्ता वैकल्पिक उपायहरूको प्रयोग गर्न किसानहरूलाई आह्वान गरेको छ। तर प्रश्न उठ्छ, के केवल सरकारी सूचनाको भरमा वर्षौंदेखि रासायनिक मलमा आश्रित किसान रातारात आत्मनिर्भर बन्न सक्छन्?

यो नीतिगत र व्यावहारिक खाडललाई चिर्न मधेस प्रदेशका किसानले एउटा नयाँ मार्गचित्र कोरेका छन्, जसको नाम हो, 'जलवायु च्याम्पियन' अभियान। अब किसानहरू केवल प्रविधिको प्रयोगकर्तामात्र रहेनन्, उनीहरू आफ्नो हक, दिगो कृषि र अनुकूल नीतिका लागि आफैँ आवाज उठाउने नीतिगत अभियन्ताका रूपमा बदलिँदै गएका छन्।

मन्त्रालयले जारी गरेको सूचनामा गँड्यौला मल (भर्मिकम्पोष्ट) ले प्रतिहेक्टर पाँच टन प्रयोग गर्दा १६३ केजी युरियाबराबरको काम गर्ने विशिष्टता उल्लेख गरिरहँदा सिरहाको धनगढीमाई नगरपालिका-१० दनुवारी टोलकी अनिता महतो र सुगन्धादेवी सिंहले विगत छ महिनादेखि यसलाई व्यवहारमै उतारिसकेका छन्। राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको अगुवाइ एवं केयर नेपालको आर्थिक सहयोगमा सञ्चालित 'जलवायुमैत्री गाउँ परियोजना' मार्फत उनीहरू आबद्ध 'महारानी महिला कृषक समूह' ले अहिले व्यावसायिक रूपमा गँड्यौला मल उत्पादन गरिरहेको छ।

"विगतका वर्षहरूमा वर्षे बाली भित्र्याउने सिजन नजिकिँदै गर्दा रासायनिक मल नपाएर खेतमै बाली सुक्ने हो कि भन्ने ठुलो चिन्ता हुन्थ्यो। मलका लागि डिलर र बजारमा दिनभर लाइन बस्दा पनि रित्तो हात फर्कनुपर्ने बाध्यता थियो। तर, परियोजनामा जोडिएपछि हाम्रो सोच र बानी दुवै फेरिएको छ। अहिले मलको खोजीमा बजारतिर भौँतारिनु पर्दैन, हाम्रै खोर र आँगनको फोहरबाट बन्ने गँड्यौला मलले माटोको स्वास्थ्य (कार्बन) पनि सुधारेको छ र बजारको परनिर्भरता पनि तोडेको छ", अनिता महतोले भन्नुभयो।

त्यस्तै, सिरहा र सप्तरीका विभिन्न पालिकाहरूमा मल्चिङ प्रविधि, थोपा सिँचाइ, छोपुवा विधि र सोलार प्रणालीको प्रयोग बढ्दो छ। तर, यो अभ्यास केही सीमित समूह र गाउँमा मात्र सीमित छ। यसलाई समुदायस्तरमा व्यापक रूपमा विस्तार गर्न अब प्राविधिक ज्ञानमात्र होइन, 'नेतृत्व र पैरवी' को आवश्यकता छ।

'जलवायु च्याम्पियन'मार्फत ज्ञान आदानप्रदान

परम्परागत रूपमा कृषि प्रविधि हस्तान्तरण गर्ने जिम्मा सरकारी संयन्त्रको मात्र मानिन्थ्यो। तर, राष्ट्रिय कृषक समूह महासङ्घ नेपालको छातामुनि सिरहाको धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रूपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा यो अभियान सञ्चालन गरिएको छ। यी छवटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ कृषक पाठशालादेखि 'जलवायु च्याम्पियन क्षमता विकास अभिमुखीकरण तालिम' र अन्तर पालिका सिकाइ आदानप्रदान कृषक भ्रमणसम्मका कार्यक्रमले परम्परागत परिपाटीलाई तोडिदिएका छन्। छवटा पालिकाका अगुवा महिला किसानहरू अब आफ्नै समुदायका लागि 'प्राविधिक र सचेतक' बनेका छन्।

कृषिको दिगो विकास र प्रविधि विस्तारका लागि परम्परागत सरकारी प्रसार प्रणालीभन्दा किसान आफैँ सक्रिय हुने मोडल बढी प्रभावकारी हुने विज्ञहरूको ठहर छ। मन्त्रालयले जारी गरेका प्राविधिक सूचनाहरू वा परियोजनाले भित्र्याएका आधुनिक प्रविधिहरू तबमात्र भुइँ तहसम्म संस्थागत हुन्छन्, जब किसान आफैँ प्रशिक्षक बनेर गाउँगाउँ पुग्छन्।

यही नीतिगत र व्यावहारिक पाटोलाई केलाउँदै राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल, 'जलवायुमैत्री गाउँ परियोजना' का वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापा भन्नुहुन्छ, "किसानलाई केवल प्रविधि हस्तान्तरण गरेर वा अनुदान बाँडेरमात्र कृषिमा दिगोपन आउँदैन। वास्तविक रूपान्तरण तब सम्भव हुन्छ, जब किसान आफैँले सिकेको ज्ञान र अनुभव अर्को किसानलाई सिकाउँछ। यो 'किसानबाट किसानमा ज्ञान हस्तान्तरण' को मान्यताले सिकाइको गतिलाई तीव्र त बनाउँछ नै, साथै समुदायस्तरमा अपनत्व र नेतृत्वसमेत स्थापित गर्छ।"

यही रूपान्तरणलाई पुष्टि गर्दै लक्ष्मीपुर पतारीकी अगुवा कृषक दुर्गी चौधरी भन्नुहुन्छ, "पहिले खेती गर्दा मौसमले ठग्यो भन्दै पीडा सहेर बस्ने गर्थ्यौँ। तर, यो दिगो कृषिको अभ्यासले हामीलाई 'जलवायु च्याम्पियन' को नयाँ जिम्मेवारी र पहिचान दिएको छ। अब हामी हानिकारक रासायनिक मल घटाउन र माटोको स्वास्थ्य सुधार्न आफ्ना समूहका अरू दिदीबहिनीलाई प्राविधिक रूपमा सिकाउने मात्र छैनौँ, आफ्नो अधिकारका लागि आफैँ अगाडि बढेर महासङ्घको अगुवाइमा वडा कार्यालय र पालिकास्तरमै पुग्नेछौँ। त्यहाँ जलवायु अनुकूलनका लागि आवश्यक नीति बनाउन र बजेट छुट्याउन स्थानीय सरकारलाई प्रत्यक्ष दबाब र पैरवीसमेत गर्नेछौँ।"

वडा र पालिकाको अपनत्व

जलवायुमैत्री कृषि अब केवल प्राविधिक विषय रहेन, यो नीतिगत र राजनीतिक पैरवीको सवाल बनेको छ। सिंहदरबारमा बन्ने नीतिले मधेसको खेतको माटो बुझ्दैन भन्ने भाष्य यहाँको जनमानसमा रहेको पाइन्छ। त्यसैले 'जलवायु च्याम्पियन'हरूले अब स्थानीय तहबाटै हस्तक्षेप सुरु गर्ने रणनीति बनाएका हुन्।

जलवायु च्याम्पियनहरूले तयार गरेका विस्तृत कार्ययोजनाअनुसार यी महिला नेतृत्वहरूले आआफ्नो वडा कार्यालय र स्थानीय सरकार (पालिका)मा गएर जलवायुमैत्री योजनाका लागि पैरवी गर्नेछन्। यस्ता कार्यक्रम सफल हुन स्थानीय सरकारले यसलाई आफ्नै नीति र वार्षिक बजेटमा समावेश गर्नुपर्छ। च्याम्पियनहरूले पालिकाको कृषि शाखासँग समन्वय गरी स्थानीय स्रोत परिचालनमा दबाब दिनेछन्।

किसानहरू सधैँ अनुदान र दयाका पात्रमात्र बन्ने परिपाटीको अन्त्य गर्दै, उनीहरूलाई आफ्नो अधिकारका लागि आफैँ बोल्न सक्ने बनाउनु नै महासङ्घले सञ्चालन गरेको यो अभियानको मुख्य लक्ष्य रहेको कार्यक्रम अधिकृत थापाको भनाइ छ। उहाँका अनुसार यो अभियानको अर्को महत्त्वपूर्ण आयाम किसानको वर्गीकरणसँग जोडिएको छ। सीमान्तकृत, साना र महिला किसान जलवायु परिवर्तनको सबैभन्दा ठुलो मारमा छन्, तर राज्यको अनुदान र प्रविधिमा ठुला किसानहरूको मात्र हालीमुहाली देखिन्छ।

जलवायु अनुकूलनका प्रविधि र अभ्यासहरू कागजमा जति उत्साहजनक देखिन्छन्, तिनलाई भुइँ तहका आमकिसानको पहुँचसम्म पुऱ्याउन र दिगो बनाउन उत्तिकै ठुला व्यावहारिक चुनौतीहरू छन्। परियोजना सञ्चालन हुन्जेल किसानले सहयोग पाए पनि त्यसको दिगोपन र बजार सुनिश्चितता नभएसम्म यस्ता अभियानहरू बिचैमा रोकिने खतरा रहन्छ।

यही स्थलगत चुनौती र आगामी उपायहरूबारे केलाउँदै कृषि प्राविधिक तथा लक्ष्मीपुर पतारीका फिल्ड सुपरिवेक्षक उमेशनन्दन चौधरी आफ्नो प्राविधिक अनुभव यसरी सुनाउनुहुन्छ, "मैदानमा काम गर्दा हामीले के देख्यौँ भने मल्चिङ, थोपा सिँचाइ र टनेल हाउसजस्ता प्रविधि उपयोगी भएर पनि अझै धेरै साना र सीमान्तकृत किसानको आर्थिक पहुँचभन्दा बाहिर छन्। त्यसैले परियोजना सकिएपछि पनि यी प्रविधिको निरन्तर विस्तारका लागि स्थानीय सहकारी वा कृषक समूहहरूलाई 'बीउ पुँजी'को व्यवस्था गर्न स्थानीय सरकारले ठोस नीति नै बनाउनु पर्छ।"

प्राविधिक चौधरी अगाडि थप्नुहुन्छ, "अबको मुख्य पाटो बजारको हो। रासायनिक मललाई प्रतिस्थापन गर्दै किसानले उत्पादन गरेको गँड्यौला मल वा जैविक विधिबाट उत्पादित 'अर्ग्यानिक' कृषि उपजलाई बजारमा छुट्टै पहिचान (ब्रान्डिङ) दिन आवश्यक छ। किसानले आफ्नो मिहिनेतको उचित मूल्य पाउने सुनिश्चितताका लागि ठाउँठाउँमा 'सङ्कलन केन्द्र' खोल्ने र सिधै बजारसँग पहुँच सुदृढ गर्ने संयन्त्र पालिकाले बनाइदिनुपर्छ। साथै, खडेरी वा अतिवृष्टिका कारण हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि किसानलाई वित्तीय साक्षरतासहित 'जलवायु बीमा'मा जोड्नुपर्छ र मोबाइल एप वा सामाजिक सञ्जालमार्फत समयमै मौसमी पूर्वसूचना दिने संयन्त्र पालिकास्तरमै बन्न सक्यो भनेमात्र महासङ्घले थालनी गरेका 'जलवायु च्याम्पियन'हरूको अभियानले पूर्णता पाउनेछ।"

मल सङ्कटको यो घडीमा नेपाल सरकारको कृषि मन्त्रालयले जारी गरेको वैकल्पिक मलको सूचनालाई कार्यान्वयन गर्ने एउटा उपर्युक्त माध्यम 'जलवायु च्याम्पियन' अभियान पनि बनेको छ। यो अभियानलाई वडा र पालिकास्तरबाटै अपनत्व दिलाई देशव्यापी रूपमा लैजान सकेमात्र किसानको खस्कँदो उत्पादकत्व जोगिनेछ र वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै रोक्न सकिनेछ।

रैथाने र दिगो पर्यावरणीय खेतीपातीको यो अभियान भुइँ तहका वास्तविक किसानहरूको सक्रियता र सामूहिक आवाजबाट मात्र अगाडि बढ्न सक्ने राष्ट्रिय कृषक समूह महासङ्घ नेपालका राष्ट्रिय अध्यक्ष पञ्चकाजी श्रेष्ठको भनाइ छ। यसका लागि महासङ्घले देशभर सचेतना अभियान सञ्चालन गर्नुका साथै अभियानको अगुवाइ गर्न आफ्ना संरचनाहरू परिचालन गर्ने अध्यक्ष श्रेष्ठले बताउनुभयो। *(रासस)*

। सम्पादकीय ।

# देशको बजेटले दल सञ्चालन गर्ने होइन

अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक वर्ष ०८३/८४ को आयव्ययको अनुमानित बजेट संसद्को संयुक्त सदनमा शुक्रबार सार्वजनिक गरे । सरकारले नेपालको संविधान - २०७२ अनुसार हरेक वर्ष गणतन्त्र दिवसको अवसर पारेर जेठ १५ गते आगामी आवको आयव्यय विवरण सार्वजनिक गर्दै आएको हो । सार्वजनिक गरिएको बजेट श्रमजीवीवर्गको पक्षमा देखिँदैन । लामो समयदेखि माग हुँदै आएको रासायनिक मल कारखाना स्वदेशमै खोल्नेतर्फ सरकारको ध्यान गएको छैन । बजेटमा कृषि क्षेत्रको उत्पादनमा प्राथमिकता दिने उल्लेख भए पनि उत्पादन बढाउनको निम्ति गर्नुपर्ने पूर्वाधारहरू खासै देखिँदैन । किसानलाई ऋण दिएर उत्पादन बढ्ने होइन ।

भ्रष्टाचार र अनियमितताको कारण भ्रष्टाचार बढी हुने सूचीमा परेको देशलाई भ्रष्टाचारमुक्त बनाउने आधारहरू उल्लेख भएको छैन । यथासक्य चाँडो नेपालमाथि लगाइएको ग्रे लिस्ट हटाउने उपायबारे पनि सरकारको ध्यान पुगेको देखिँदैन । सहकारीको रकम ठग्ने, सहकारी ठगहरूलाई कारबाही गर्ने प्रक्रिया अघि बढाउने सोच सरकारको देखिएन । घाटाको निहुँमा शाही नेपाल वायु सेवा निगम निजी कम्पनीलाई दिने सरकारको धारणा सार्वजनिक भयो । निगम किन घाटामा गयो ? सोको छानबिन नगरी सरकार आफ्नो जिम्मेवारीबाट पन्छिएको देखिन्छ । हरेक सरकारले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दा सुशासनको कुरा फुक्छ; विकासलाई उचाइमा पुर्‍याउने कुरा गर्छ । तर, व्यवहारमा लागू हुँदैन । काठमाडौँ उपत्यकालाई धुलोमुक्त र खाल्डो खाल्डीमुक्त बनाउने सपना कुन सरकारले बाँडेको छैन ।

बजेटमा पुरातात्त्विक तथा सम्पदा स्थललाई सांस्कृतिक नगर, गाउँ या क्षेत्र घोषणा गर्ने कुरा उल्लेख गरिएको छैन । स्वास्थ्य बीमालाई व्यापक पुनर्संरचना गर्ने भनिएको छ । व्यापक पुनर्संरचना गर्ने भनेको के हो, प्रस्ट पारिएको छैन । स्वास्थ्य बीमामा अस्पतालले गरिरहेको खर्च व्यहोर्ने कुरा बजेटमा उल्लेख छैन ।

ज्येष्ठ नागरिक, अपाङ्ग र विधवा महिलाको निम्ति सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ताबारे पनि स्पष्ट दृष्टिकोण छैन । सामाजिक सुरक्षा भत्ता सक्नेले छोडेर नसक्नेलाई जोडौँ भनिएको छ । को सक्ने र को नसक्ने कसले छुट्याउने ? सक्नेले छोडेको पैसा नसक्नेलाई कसरी वितरण गर्ने ?

प्रवासमा रहेका नेपालीलाई पनि मताधिकार प्रदान गर्ने बजेटमा उल्लेख छ । प्रवासमा रहेका नेपालीले आफू बस्दै आएको देशमा मतदान गर्दा त्यो कतिको व्यावहारिक हुने हो ? निर्वाचनमा राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा राज्यको स्रोत प्रदान गर्नेबारे बहस गर्नु आवश्यक पर्दैन । देशको आयस्रोत दललाई आर्थिक सहयोग गर्ने कुरा ठीक होइन । देशको बजेटले दल सञ्चालन गर्ने होइन । ठूलो बजेट सार्वजनिक गरेर देशको अर्थतन्त्र मजबुत हुने होइन । भरपर्दो स्रोतबिना ठूलो आकारको बजेट ल्याएर देश सुदृढ बन्ने होइन । विदेशी ऋण ल्याएर देशमा ऋणको भार बढाएर सबैभन्दा बढी बजेटको अङ्क प्रस्तुत गरेर गर्व गर्ने होइन ।

बजेट लागू गर्न, भरपर्दो बनाउन अर्थमन्त्री वाग्लेले रचनात्मक सहयोग मागेका छन् । यो सरकारको लोकाचार मात्र हो । जनताले दिएको जस्तोसुकै राम्रो सुझाव पनि सरकारले मान्दैन । जसरी सरकारी नीति तथा कार्यक्रममा सुझाव दिए पनि कुनै संशोधनबिना लागू गरियो, त्यसरी नै यो बजेट पनि बहुमतको आधारमा बिनासंशोधन पारित गरिनेमा शङ्का छैन । बहुमत प्राप्त रास्वपाको सरकारले लोकप्रियताभन्दा धरातलीय यथार्थताका आधारमा बजेट ल्याइनुपर्ने अर्थविद्हरूको ठम्याइ छ । के सरकारले भ्रष्टाचारी, ठग, कमिसनखोरहरूमाथि कडाभन्दा कडा कारबाही गर्ला ? मानव अधिकार आयोगले पेस गरेको प्रतिवेदनलाई सरकारले लागू गर्ला ? नेपाल औषधि विभागलाई के गरेर सक्षम बनाउने ? स्पष्ट छैन । सरकारी नीति तथा कार्यक्रम र बजेट जनतालाई आश्वासन बाँड्ने सपनाको पोको होइन, एक एक गरेर लागू गर्न हो । सरकारको जिम्मेवारी छोडेर देश समृद्ध बन्दैन ।

# नेटोको अन्त्यबिना युरोपको सामूहिक रक्षा असम्भव

✍ यानिस भारुफाकिस

पूर्वडच प्रधानमन्त्री मार्क रूट अहिले नेटो प्रमुख (महासचिव) छन् । उनै रूटले हालै एउटा सत्य कुरा बोल्दा युरोपभर आक्रोश निम्तिएको छ । उनले नेटो गठबन्धनलाई युरोपको रक्षात्मक ढालको रूपमा मात्र नभई विश्व मञ्चमा शक्ति प्रक्षेपण गर्ने अमेरिकाको एक मञ्चको रूपमा चित्रण गरे । रूट सही छन् । खासमा नेटो युरोपले नचाहेको युद्धलाई अघि बढाउने आधार बन्दै गएको छ । अझ त्यस्ता विरोधी शक्तिविरुद्धको युद्धमा, जुन युरोपका शत्रु होइनन् । नेटो पक्षधर युरोपेली नेतालाई पहिलेदेखि थाहा थियो कि 'उत्तरी एटलान्टिक गठबन्धन' असमान शक्तिहरूको गठजोड हो । तर पनि सुरक्षाको बदलामा उनीहरूले यस कुरालाई स्वीकारे ।

तर, अहिले युरोपेली सुरक्षाप्रति अमेरिकी प्रतिबद्धतामाथि प्रश्न उठेको छ । रूट अहिले एक्लो युरोपेली व्यक्तित्व देखिँदै छन्, जसले युरोपलाई अमेरिकी साम्राज्यसँग बाँध्ने सम्झौताको महिमागान गारिरहेका छन् । अन्यथा, युरोप-अमेरिकाबिचको गठबन्धनको पक्षधर अन्य युरोपेली नेतामा पनि डोनाल्ड ट्रम्पले पद छाडेपछि नेटो स्वत: आफ्नो मूल अवस्थामा फर्किएला भन्ने विश्वास हराउँदै गइरहेको छ, यद्यपि निकै सुस्तगतिमा ।

संयुक्त राज्य अमेरिकाको इच्छालाई निरन्तर स्वीकार गर्नु युरोपेली रक्षा रणनीति होइन । अहिले युरोपका सबैभन्दा रूढिवादी शक्तिले पनि के स्वीकार्छन् भने अमेरिकाबिनाको नेटो चालकबिनाको साइकलजस्तै काम गर्न राजनीतिक एकता आवश्यक छ र नेटोको निरन्तर अस्तित्वले यसमा अवरोध सिर्जना गर्छ । शीतयुद्धमा हुर्किएको पुस्ताका लागि अमेरिकी प्राथमिकताको अधीनमा युरोपको प्रतीक्षालाई राख्नुको कारण थियो होला । अमेरिकी र पश्चिमी युरोपेली अभिजातवर्गलाई सोभियत सङ्घको वास्तविक अस्तित्वगत डरले एक ठाउँ ल्याएको थियो । वित्तीय संयन्त्रले सन् १९५० र १९६० को दशकमा युरोप अमेरिकी अधिशेष (सरप्लस)को 'रिसाइक्लर' मा परिणत भयो ।

यसबिच, बर्लिन पर्खाल ढल्यो । सोभियत सङ्घ एक सङ्ग्रहालयमा थन्कियो । रूसी राष्ट्रपति बोरिस यल्तसिनले पश्चिममा सामेल हुनलाई केसम्म गरेनन् ? उनले आफ्नो देशलाई नेटोमा पनि समावेश गर्ने इच्छा व्यक्त गरेका थिए । अमेरिकाका लागि रूस अब डरको विषय थिएन । अमेरिकालाई खासमा डर थियो, जर्मनी र रूसबिचको बढ्दो घनिष्टताको । दुई देशबिचको अधिक घनिष्टताले युरोपमाथिको आफ्नो प्रभुत्व खतरामा पर्ला भन्ने उसको चिन्ता थियो ।

शीतयुद्धको अन्त्यपछि जर्मन उद्योग प्राय: रूसी ग्यासमा चल्न थाले । तर, जर्मन निर्यात भने अमेरिकी घाटा बजेटमै निर्भर रह्यो । यही निर्भरतालाई प्रयोग गरेर अमेरिकाले रूसको युरोपसँगको एकीकरण रोक्ने द्विपक्षीय नीतिमार्फत जर्मनीमाथि दबाब दियो । उनीहरूले जानाजान रूसी समाजलाई दरिद्र बनाए र नेटोलाई पूर्वी युरोपतर्फ विस्तार गरिरहे । यसैले भ्लादिमिर पुटिनजस्तो नेता सत्तामा आउने अवस्था सिर्जना गरिदियो ।




हुनेछ । त्यसैले, युरोपमा महादेशव्यापी प्रतिरक्षात्मक निकाय 'युरोपियन डिफेन्स युनियन' गठन गर्नुपर्ने आह्वान बढ्दै गइरहेको छ । सम्भवत: इच्छुकहरूको गठबन्धन हुने यो निकाय युरोपेली सङ्घ (ईयू)को गहिरो सहयोग प्रक्रियामा आधारित हुनेछ र यसमा ईयूका सदस्यका अतिरिक्त नर्वे र बेलायत समावेश हुन सक्छन् ।

तर, समस्या यहीनेर छ । जबसम्म नेटो अस्तित्वमा रहन्छ, युरोपव्यापी प्रतिरक्षा एकाइ असम्भव हुन्छ । युरोपियन डिफेन्स युनियनले राम्रोसँग काम गर्न चार कठिन प्रश्नहरूको स्पष्ट उत्तर दिनुपर्छ:

- युरोपेली हतियारको आदेश कसले दिन्छ ?
- यसका लागि आवश्यक पर्ने खर्चका लागि कुल ऋण कसले जारी गर्छ ?
- सदस्य राष्ट्रका राष्ट्रिय रक्षा उद्योगबिच लागत कसरी बाँडफाँड गरिन्छ ?
- बर्दीधारी युरोपेली सैनिकलाई मर्न र मार्न वा युद्धमा जान कसले आदेश दिने ?

यी प्रश्नको उचित जवाफ कुनै अन्तरसरकारी निकाय हुन सक्दैन । नेटो त झन् हुनै सक्दैन । युरोपको प्रतिरक्षा सङ्घ निर्माण गर्नु भनेको राजनीतिक सङ्घको गठन हो । तर, मौद्रिक सङ्घका वास्तुकारले यस लक्ष्यलाई परित्याग गरे । केहीले तर्क गरेका छन् कि युरोपले सामना गरिरहेको वर्तमान अस्तित्वगत खतराले (विशेषगरी युक्रेनमा रूसको आक्रमणको कारणले सिर्जित) राजनीतिक सङ्घ निर्माण गर्न प्रेरित गर्न सक्ने बताएका छन् । भलै विगतमा युरो सङ्कट वा महामारीले यस्तो सङ्घलाई प्रेरित गर्न असफल भयो ।

**राजनीतिक एकताबिना रक्षा गठबन्धन असम्भव**

सही होस् वा गलत, एउटा कुरा स्पष्ट छ : युरोपेली रक्षा सङ्घले

**युरोपमा नयाँ दरार**

नेटो निरन्तर पूर्वी देशतर्फ सर्दै जाँदा तीन बाल्टिक देश, पोल्यान्ड र हालै फिनल्यान्डका शासकवर्गले ईयूमा आफ्नो ओझभन्दा निकै बढी भूमिका खेल्न सक्ने अवस्था देखे । तिनै देश अहिले अमेरिकाको उग्र विस्तारका सबैभन्दा उत्कृष्ट प्रवर्द्धक बनेका छन् । अचानक, युरोपमा पहिलेदेखि कायम उत्तर-दक्षिणी देशको विभाजनमा पूर्वका अति-विस्तारवादी र पश्चिमका उदारवादीबिचको नयाँ विभाजन पनि थपिएको छ । प्रत्येकले ईयूलाई फरक-फरक दृष्टिले हेर्दै छन् ।

अमेरिकाको युरोपमाथि शासन गर्नकै लागि युरोपलाई विभाजन गर्ने कुनै नीति नभएको भए पनि नेटोले युरोपेली राजनीतिक सङ्घ र योसँगै प्रभावकारी रक्षा गठबन्धन असम्भव बनाएको छ । युरोपले नेटो सदस्यता त्याग्नुपर्ने कारण नेटो रूसमैत्री भएकोले होइन । न त अमेरिका दुष्ट भएकाले नै हो । खासमा विश्वमञ्चमा अमेरिकी शक्ति प्रस्तुत गर्ने प्लेटफर्मको रूपमा काम गर्ने गठबन्धनले युरोपेली एकीकरण र सार्वभौमिकतालाई कुनै समय आयरिस लेखक एडना ओब्रायनले भनेका थिए, 'हृदयको विनाश ऋणको भेषमा सुस्त र अदृश्य प्रक्रियाबाट हुन्छ ।' महादेशको विनाश पनि यस्तै हुन्छ । हरेकपटक जब कुनै युरोपेली नेता वासिङटन उड्छन् र अमेरिकी राष्ट्रपतिसामु घुँडा टेक्छन्, बिस्तारै क्षति बढ्दै जान्छ त्यो पनि अदृश्य रूपमा र ऋणको भेषमा ।

- प्रोजेक्ट सिन्डिकेटबाट

*(ग्रीसका पूर्वअर्थमन्त्री भारूफाकिस 'एमइआरए२५' नामक पार्टीका नेता तथा एथेन्स विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक हुन् ।)*

# राउल क्यास्ट्रोविरुद्धको अभियोग : युद्धका लागि बहाना

✍ निकोलस ग्रेभन

क्युवाविरुद्ध हुने हिंसा र आतङ्कवादलाई वाशिङटनले लामो समयदेखि आँखा चिम्लँदै आएको छ। तर, क्युवाले त्यसको प्रतिरोध गर्दा भने उसलाई सह्य हुँदैन। यो दोहोरो मापदण्ड अहिले फेरि एकपटक प्रस्ट रूपमा देखिएको छ। ट्रम्प प्रशासनले तीस वर्षअघि दुईवटा विमान खसालेको आरोपमा क्युवाका पूर्वराष्ट्रपति राउल क्यास्ट्रोविरुद्ध अभियोग दर्ता गर्ने तयारी गरिरहेको छ। जबकि अमेरिकी सेनाले क्यारिबियन र पूर्वीप्रशान्त महासागरमा नियमित रूपमा डुङ्गाहरू ध्वस्त पार्ने गर्दछ, जसमा करिब २०० जना मानिसबिना कुनै कानुनी कारबाही मारिने गर्छन्।

सन् १९९६ मा मियामीस्थित समूह 'ब्रदर्स टु द रेस्क्यु' का दुईवटा सेसना विमानहरू खसालिएको घटना कुनै आकस्मिक वा सन्दर्भहीन कार्य थिएन। यो घटना बारम्बारका उत्तेजनात्मक गतिविधि र घुसपैठ, थुप्रै चेतावनी र खुला रूपमा मुठभेड चाहने राजनीतिक समूहलाई नियन्त्रण गर्न अमेरिकी सरकारले गरेको इन्कारको परिणाम थियो।

मियामी र वाशिङटनमा यसलाई चार जना व्यक्तिको मृत्युको लागि ढिलो गरी गरिएको उत्तरदायित्वको खोजीका रूपमा प्रस्तुत गरिएको छ। तर, यो प्रस्तावित अभियोग पुरानै परिचित जगमा उभिएको छ : चयनात्मक आक्रोश, ऐतिहासिक विस्मृति र कानुनी अपवादवाद।

**उद्धार अभियानदेखि उत्तेजनासम्म**

'ब्रदर्स टु द रेस्क्यु' को स्थापना अति दक्षिणपन्थी जोसे बासुल्टोद्वारा गरिएको थियो। जो असफल 'बे अफ पिग्स' आक्रमणका सहभागी र क्युवाविरुद्ध हिंसात्मक गतिविधिमा संलग्न सीआईएका सहयोगी थिए। सन् १९६१ मा बासुल्टो हवानाको एक मिसाइल बेसमा बम विस्फोट गर्ने षड्यन्त्रमा संलग्न थिए। 'द एटलान्टिक' का अनुसार, एक वर्षपछि उनले २० एमएमको तोप जडान गरिएको एउटा डुङ्गालाई हवानाको तटमा पुऱ्याउन मद्दत गरे र हर्नेडो डे रोजिटा होटलमा गोलाबारी गरे, जहाँ फिडेल क्यास्ट्रो खाना खाइरहेका होलान् भन्ने उनले विश्वास गरेका थिए।



बासुल्टोले भनेका थिए, "मलाई संयुक्त राज्य अमेरिकाले आतङ्कवादीको रूपमा तालिम दिएको थियो।"

तलको विवरण मुख्यतया विलियम एम. लियोग्रान्डे र पिटर कोर्नब्लुहको पुस्तक 'ब्याक च्यानल टु क्युवा' (Back Channel to Cuba) मा आधारित छ, जसले 'ब्रदर्स टु द रेस्क्यु' को विमान खसाल्नुअघिका कूटनीतिक आदानप्रदान र घटनाक्रमहरूलाई दस्तावेजीकरण गरेका छन्।

सन् १९९१ मा 'ब्रदर्स टु द रेस्क्यु' ले क्युवाली शरणार्थीहरूका लागि खोजी र उद्धार अभियानहरू उडाएर आफ्नो यात्रा सुरु गरेको थियो। तर, सन् १९९४ को अध्यागमन सम्झौतापछि फ्लोरिडा स्ट्रेट्स पार गर्ने आप्रवासीहरूको प्रवाहमा भारी गिरावट आएपछि, यो समूहले उद्धार कार्य छोडेर प्रत्यक्ष उत्तेजनात्मक गतिविधिहरू सुरु गऱ्यो।

क्युवाका लागि तत्कालीन ह्वाइट हाउसका विशेष सल्लाहकार रिचर्ड नुसियो सम्झन्छन्, "उनीहरूले क्युवाली सरकारलाई हैरान पार्ने र धम्क्याउने राजनीतिक एजेन्डा बोकेर काम गर्न थाले।"

'ब्रदर्स टु द रेस्क्यु' का पाइलटहरूले बारम्बार क्युवाली हवाई क्षेत्रको उल्लङ्घन गरे। उनीहरूले हवानामाथि धार्मिक पदकहरू र सरकारविरोधी पर्चाहरू खसाले। लियोग्रान्डे र कोर्नब्लुहले दस्तावेजीकरण गरेअनुसार, एउटा पर्चामा क्युवालीहरूलाई 'अहिले नै परिवर्तन ल्याउनुहोस्' भनी आग्रह गरिएको थियो।

बासुल्टो यी उडानहरूको उद्देश्यबारे स्पष्ट थिए। सन् १९९५ मा हवानामाथिको एक उडानपछि उनले घोषणा गरेका थिए, "हामी मुठभेड चाहन्छौँ।"

उनका अनुसार यो अभियानको उद्देश्य त्यहाँको शासन अभेद्य छैन भनेर देखाउनु थियो।

क्युवाली सरकारले वाशिङटनलाई यी उडानहरू गैरकानुनी र खतरनाक भएको भन्दै बारम्बार चेतावनी दियो। क्युवाली अधिकारीहरूले कूटनीतिक विरोध दर्ता गरे, सङ्घीय उड्डयन प्रशासन (FAA) लाई प्रमाणहरू पठाए र स्पष्ट पारे कि यदि यो घुसपैठ जारी रहेमा क्युवाले विमानहरू खसाल्न सक्छ।

अमेरिकी अधिकारीहरूलाई यो खतरा वास्तविक छ भन्ने थाहा थियो। नेसनल सेक्युरिटी आर्काइभद्वारा प्राप्त सन् १९९६ जनवरीको एउटा इमेलमा, एफएए (FAA) अधिकारी सेसिलिया कापेस्टानीले आफ्ना वरिष्ठहरूलाई जानकारी दिएकी थिइन् कि, "कुनै दिन क्युवालीहरूले यीमध्ये एउटा विमान खसाल्नेछन्।"

यति हुँदाहुँदै पनि वाशिङटनले ती उडानहरू रोक्न सकेन। क्युवाली अधिकारीहरूले सञ्चारका हरेक माध्यमहरू- कूटनीतिक नोट, सैन्य ब्रिफिङ, मध्यस्थकर्ता र अनौपचारिक माध्यमहरू प्रयोग गरेर आफ्नो धैर्यता समाप्त भइसकेको कुरा स्पष्ट पारेका थिए।

२४ फेब्रुअरी १९९६ मा, 'ब्रदर्स टु द रेस्क्यु' का तीनवटा सेसना विमानहरूले समुद्रमा शरणार्थीहरू खोजिरहेको झूटो उडान योजना दर्ता गरेर फ्लोरिडाबाट उडान भरे। वास्तवमा, यो मिसन पुनः क्युवाली हवाई क्षेत्रभित्र प्रवेश गर्ने उद्देश्यले गरिएको थियो।

जब विमानहरू टापु नजिक पुगे, क्युवाली कन्ट्रोलरहरूले तुरुन्तै उनीहरूलाई आफ्नो हवाई क्षेत्र पार नगर्न चेतावनी दिए।

जब विमानहरू टापु नजिक पुगे, क्युवाली कन्ट्रोलरहरूले तुरुन्तै उनीहरूलाई आफ्नो हवाई क्षेत्र पार नगर्न चेतावनी दिए। उनीहरूले चेतावनी दिए, "त्यसतर्फ प्रवेश गर्दा तिमीहरू खतरामा पर्नेछौ।"

नेसनल सेक्युरिटी आर्काइभमा दर्ता भएअनुसार, बासुल्टोले जवाफ दिए, "हामी यसका लागि तयार छौँ। स्वतन्त्र क्युवालीका रूपमा यो हाम्रो अधिकार हो।"

त्यसको केही समयपछि, क्युवाली लडाकु विमानहरूले दुईवटा विमानलाई खसालिदिए, जसमा सवार सबै चार जनाको मृत्यु भयो। बासुल्टोको विमान भने मियामी फर्कन सफल भयो।

**त्रासदीको स्वार्थपूर्ण प्रयोग**

'ब्रदर्स टु द रेस्क्यु' का विमानहरू खसालिएको घटनालाई क्युवालाई दानवीकरण गर्न मात्र प्रयोग गरिएन, बरु यसले दशकौँसम्मका लागि अमेरिकी नीतिलाई नै नयाँ मोड दियो।

यस घटनाअघि, क्लिन्टन प्रशासनले हवानासँग सीमित सम्बन्ध सुधारका बाटाहरू सावधानीपूर्वक खोजिरहेको थियो। तर, विमान खसालिएपछि, कङ्ग्रेसका कट्टरपन्थीहरूले यस अवसरलाई छोपे। ह्वाइट हाउसभित्रै केही अधिकारीहरूले अति-प्रतिक्रिया नजनाउन चेतावनी दिएका थिए। रिचर्ड नुसियोले वरिष्ठ सल्लाहकार स्यान्डी बर्जरलाई भनेका थिए, "'ब्रदर्स टु द रेस्क्यु' आगोसँग खेलिरहेको थियो, उनीहरूले जे चाहेका थिए, त्यही परिणाम पाए।"

तर, त्यो चेतावनीलाई बेवास्ता गरियो। बिल क्लिन्टनले तुरुन्तै 'हेल्म्स-बर्टन एक्ट' (Helms-Burton Act) लाई समर्थन गरे, जसले क्युवाविरुद्धको अमेरिकी नाकाबन्दीलाई कानुनी



राउल क्यास्ट्रो

रूप दियो। यसको 'शीर्षक ३' (Title III) मार्फत यसको क्षेत्राधिकार विस्तार गरियो, जसले अमेरिकी नागरिकहरूलाई क्युवाली क्रान्तिपछि राष्ट्रियकरण गरिएका सम्पत्तिहरू 'ओसारपसार' गर्ने विदेशी कम्पनीहरूविरुद्ध मुद्दा हाल्ने अधिकार दियो। क्लिन्टन र त्यसपछिका हरेक राष्ट्रपतिले दुई दशकभन्दा बढी समयसम्म 'शीर्षक ३' लाई निलम्बन गरे। तर, सन् २०१९ मा डोनाल्ड ट्रम्पले यस प्रावधानलाई सक्रिय पारिदिए। यसले गर्दा दर्जनौँ मुद्दाहरू दर्ता भए र टापुबाट विदेशी लगानी बाहिरिने अवस्था सिर्जना भयो।

न्याय विभागको अभियोगमा फ्लोरिडामा आधारित चरमपन्थीहरूले क्युवालाई निशाना बनाएको लामो र हिंसात्मक इतिहास गायब छ, जुन आजसम्म पनि जारी छ।

'ब्रदर्स टु द रेस्क्यु' को विमान खसालिएको घटना 'क्युवान फाइभ' (Cuban Five) मध्येका एक हेरार्डो हर्नान्डेजविरुद्धको मुद्दामा पनि मुख्य बन्यो। 'क्युवान फाइभ' ती गुप्तचरहरूको समूह थियो जसलाई क्युवाका नागरिकमाथि आक्रमण गर्ने आतङ्कवादी सङ्गठनहरूको निगरानी गर्न दक्षिण फ्लोरिडा पठाइएको थियो। सन् १९९८ मा क्युवाली अधिकारीहरूले एफबीआईलाई अमेरिकाद्वारा आर्थिक सहयोग प्राप्त दर्जनौँ आतङ्कवादी षड्यन्त्रहरूको विस्तृत दस्तावेज बुझाएका थिए। तर, एफबीआईले ती आतङ्कवादी सञ्जालमा छिरेका एजेन्टहरूलाई नै पक्राउ गरेर प्रतिक्रिया जनायो। सन् २००१ मा एक अत्यन्त विवादास्पद मुद्दामार्फत हर्नान्डेजलाई विमान खसाल्ने निर्णयमा संलग्न भएको, आदेश दिएको वा पूर्व जानकारी भएको कुनै प्रमाण नहुँदा नहुँदै पनि षड्यन्त्रको आरोपमा दोषी ठहर गरियो।

झन्डै तीन दशकपछि, सोही घटनालाई व्यापक सन्दर्भबाट अलग गरेर पुनः क्यास्ट्रोलाई निशाना बनाउन हतियारका रूपमा प्रयोग गरिँदै छ। न्याय विभागको अभियोगमा फ्लोरिडामा आधारित चरमपन्थीहरूले क्युवालाई निशाना बनाएको लामो र हिंसात्मक इतिहास कतै उल्लेख छैन, जुन सिलसिला आजसम्म पनि रोकिएको छैन।

**फ्लोरिडामा आधारित आतङ्कवाद र दशकौँको दण्डहीनता**

२५ फेब्रुअरी, २०२६ मा, १० जना सशस्त्र व्यक्तिहरू बोकेको फ्लोरिडामा दर्ता भएको एउटा डुङ्गाले क्युवाको उत्तरी तटबाट एक माइल टाढा क्युवाली तटरक्षक बलसँग दोहोरो भिडन्त गऱ्यो। क्युवाको गृह मन्त्रालयका अनुसार, ती व्यक्तिहरूले पहिले गोली चलाएका थिए, जसमा एक क्युवाली कमान्डर घाइते भए। भिडन्तपछि पाँच जना मारिए र डुङ्गा कब्जामा लिइयो। उक्त डुङ्गाबाट १२,००० राउन्डभन्दा बढी गोली, स्नाइपर राइफल, मोलोटोभ ककटेल (पेट्रोल बम), बुलेटप्रुफ ज्याकेट र नाइट भिजन उपकरणहरू बरामद गरियो। डुङ्गामा सवार सबै १० जना अमेरिकामा बसोबास गर्ने क्युवाली मूलका नागरिक भएको बताइएको छ।

यो घटना अमेरिकी भूमिबाट क्युवाविरुद्ध निर्देशित सशस्त्र आक्रमण, तोडफोड र आतङ्कवादको दशकौँ लामो अभियानको पछिल्लो कडी मात्र हो। यस्ता गतिविधिहरू प्रायः दण्डहीनताका साथ र कहिलेकाहीँ मियामी र वाशिङटनको मौन राजनीतिक संरक्षणमा हुने गरेका छन्।

यसको सबैभन्दा कुख्यात उदाहरण क्युवाना फ्लाइट ४५५' हो। सन् १९७६ मा बार्बाडोसको तटनजिकै विस्फोट गराइएको उक्त नागरिक विमानको बम विस्फोटमा ओर्लान्डो बोश र लुइस पोसाडा कारिलेसलाई मुख्य योजनाकार मानिन्छ। उक्त विस्फोटमा सवार सबै ७३ जनाको मृत्यु भएको थियो। त्यस समयमा, यो पश्चिमी गोलार्द्धमा हवाई आतङ्कवादको सबैभन्दा घातक घटना थियो। पीडितहरूमा बालबालिकाहरू र क्युवाको राष्ट्रिय फेन्सिङ टोलीका सबै सदस्यहरू सामेल थिए।

एफबीआईले पछि बोशको सङ्गठन 'कोअर्डिनेसन अफ युनाइटेड रिभोलुसनरी अर्गनाइजेसन' (CORU) लाई 'क्यास्ट्रोविरोधी आतङ्कवादी छाता सङ्गठन' को रूपमा वर्णन गरेको थियो भने पूर्वअमेरिकी महान्यायाधिवक्ता डिक थोर्नबर्गले बोशलाई 'पश्चात्तापविहीन आतङ्कवादी' भनेका थिए। पोसाडा कारिलेस पनि दशकौँसम्म चलेका हिंसात्मक अपरेशनहरूको लामो श्रृङ्खलामा संलग्न थिए, जसमा १९९७ मा हवाना का होटलहरूलाई लक्षित गरी गरिएको बम विस्फोट पनि समावेश थियो, जसमा एक इटालियन पर्यटकको मृत्यु भएको थियो र धेरैजना घाइते भएका थिए।

बोश र पोसाडा कारिलेसलाई कारबाही गर्नुको सट्टा अमेरिकाले अन्ततः दुवैलाई संरक्षण दियो। सन् १९९० मा, राष्ट्रपति जर्ज एच. डब्लु. बुशले बोशलाई देशमा बस्न अनुमति दिए, जबकि १९८९ मा न्याय विभागले उनको विगत र वर्तमानका आतङ्कवादी गतिविधिहरूको ठोस प्रमाण उद्धृत गर्दै उनलाई देश निकाला गर्ने निर्णय गरेको थियो। यसैबिच, पोसाडा कारिलेस क्युवाना विमान विस्फोटको मुद्दामा ट्रायलको पर्खाइमा रहँदा भेनेजुयलाको जेलबाट भागे र पछि 'इरान-कन्ट्रा' काण्डको समयमा मध्य अमेरिकामा पुनः देखापरे। सन् २००५ मा अवैध रूपमा अमेरिका प्रवेश गरेपछि, पोसाडा कारिलेसलाई भेनेजुयला वा क्युवामा सुपुर्दगी हुनबाट बचाइयो र क्युवाना विमान विस्फोटका लागि अमेरिकामा उनीमाथि कहिल्यै मुद्दा चलाइएन।

पोसाडा कारिलेस र बोश दुवै आफ्नो मृत्यु नहुञ्जेल मियामीमा स्वतन्त्र रूपमा बसे।

**मियामी : दोहोरो मापदण्डको केन्द्रबिन्दु**

क्युवाप्रति अमेरिकी नीतिको आधार रहेको दोहोरो मापदण्डका लागि मियामी ग्राउन्ड जिरो हो। यस सहरको राजनीतिमा बर्चस्व जमाएका क्युवाली-अमेरिकी कट्टरपन्थीहरूले लामो समयदेखि 'स्वतन्त्रता' र 'मानव अधिकार' को नाममा क्युवाविरुद्ध हिंसा, आतङ्कवाद र सामूहिक सजायको वकालत गर्दै आएका छन्। स्वाभाविक रूपमा, क्यास्ट्रोविरुद्ध अभियोग चलाउने वर्तमान दबाब फ्लोरिडाका क्युवाली-अमेरिकी कट्टरपन्थीहरूले न्याय विभागलाई त्यसो गर्न आग्रह गरेको तीन महिनापछि आएको हो।

फ्लोरिडाका रिपब्लिकन सांसद मारियो डियाज-बलार्टले यूएसए टुडेलाई भनेका छन्, "यो मैले लामो समयदेखि सोचेको र गर्न चाहेको कुरा थियो। मलाई लाग्यो कि यो काम गर्ने राष्ट्रपति नै यिनै ट्रम्प हुन्।"

**क्युवामाथि मुद्दा, वाशिङटन कानुनभन्दा माथि**

यो कपटपूर्ण व्यवहार फ्लोरिडा स्ट्रेट्समा मात्र सीमित छैन। यस शताब्दीको सुरुदेखि नै अमेरिकाले युद्धको घोषणा नगरी, संयुक्त राष्ट्र सङ्घको अनुमतिबिना र प्रायः नागरिक पीडितहरूको वास्ता नगरी धेरै देशहरूमा बमबारी गरेको छ। हालैका दिनहरूमा क्यारिबियन र प्रशान्त क्षेत्रमा अमेरिकाले जुन स्तरको दण्डहीनताका साथ सैन्य आक्रमणहरू गरेको छ, त्यसको तुलनामा सन् १९९६ को क्युवाको कदम निकै संयमित देखिन्छ।

वाशिङटन र मियामीले तीन दशक पुरानो घटनालाई लिएर एक ९४ वर्षीय वृद्धविरुद्ध अभियोगको तयारी गरिरहँदा, ट्रम्प प्रशासनले पछिल्ला महिनाहरूमा अन्तर्राष्ट्रिय जलक्षेत्रमा डुङ्गामा सवार मानिसहरूलाई बिना कुनै जवाफदेहिता मारिरहेको छ। सन् २०२५ सेप्टेम्बरदेखि अमेरिकाले 'अपरेसन सदर्न स्पियर' अन्तर्गत क्यारिबियन र प्रशान्त क्षेत्रका जहाजहरूमाथि झण्डै ६० वटा सैन्य आक्रमण गरिसकेको छ, जसमा 'लागूऔषध तस्कर' र 'आतङ्कवादी सङ्गठन' लाई लक्षित गरिएको दाबी गरिएको छ।

यी अपरेसनहरूमा कम्तीमा १९३ जना मारिएका छन्। यसमा प्रयोग गरिएका रणनीतिहरूमा छद्मभेषी सैन्य विमानहरू र 'डबल ट्याप' स्ट्राइकहरू (पहिले नै ध्वस्त भइसकेको जहाजमा बाँचेकाहरूलाई मार्न गरिने दोस्रो आक्रमण) सामेल छन्। यसबारे जनतालाई कुनै प्रमाण दिइएको छैन। स्याटेलाइट तस्बिरहरू गोप्य राखिएका छन् र मारिएकाहरूको नामसमेत सार्वजनिक गरिएको छैन। अमेरिकी सैन्य शक्तिका पीडितहरूलाई सार्वजनिक रूपमा चिनिने सम्मान विरलै दिइन्छ।

यी गैर-न्यायिक हत्याहरूले अमेरिकी विदेश नीतिको परिचित दोहोरो मापदण्ड झल्काउँछन् : अमेरिकाको आफ्नै हिंसा वैध हुन्छ, जबकि उसका विरोधीहरूको हिंसा आत्मरक्षाकै मामिलामा पनि अवैध मानिन्छ।

**सत्ता परिवर्तनलाई 'न्याय' को रूपमा पुनः प्याकेजिङ**

यो विचाराधीन अभियोग दशकौँ पुरानो हिसाब चुक्ता गर्ने साधन मात्र होइन; बरु, यसले कमजोर फौजदारी आरोपहरूलाई 'सत्ता परिवर्तन' र सम्भवतः सैन्य हस्तक्षेपका लागि कानुनी बहानामा बदल्ने वर्तमान विदेश नीतिलाई मद्दत गर्दछ।

एनबीसी न्यूजका अनुसार, ट्रम्प क्युवाली सरकारले सत्ता टिकाइराख्न सकेकोमा झन्झन् निराश बन्दै गएका छन् र अभूतपूर्व प्रतिबन्ध र इन्धन नाकाबन्दीले मानवीय सङ्कट निम्त्याउँदा पनि किन सत्ता ढलेन भनी आफ्ना सल्लाहकारहरूलाई सोधिरहेका छन्। प्रशासनका अधिकारीहरूले क्युवाली सरकार यसै वर्षको अन्त्यसम्ममा ढल्ने विश्वास गरे पनि ट्रम्पलाई यो समयसीमा अपर्याप्त लागेको छ।

आर्थिक युद्धले क्युवाली सरकार ढाल्न असफल भएपछि रक्षा मन्त्रालयले क्युवाविरुद्ध सम्भावित सैन्य कारबाहीको योजना बनाइरहेको छ। अब कमी छ त केवल एउटा कानुनी बहानाको। भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गर्न जायज ठहराइएको लागूऔषध-आतङ्कवादको आरोप क्युवामा सजिलै लागू गर्न सकिँदैन। दशकौँदेखि अमेरिकी गुप्तचर समुदायको साझा निष्कर्ष छ कि क्युवाले आतङ्कवादलाई संरक्षण दिँदैन। साथै, स्टेट डिपार्टमेन्टले लामो समयदेखि क्युवालाई लागूऔषध नियन्त्रणमा अमेरिकाको मुख्य साझेदार मान्दै आएको छ।

यस्तो अवस्थामा क्यास्ट्रोविरुद्धको अभियोगले सैन्य कारबाहीका लागि एउटा कमजोर भए पनि कानुनी आधार प्रदान गर्ने देखिन्छ। यो मुद्दा जवाफदेहीताको दीर्घकालीन खोजी नभई वाशिङटनले क्युवाविरुद्ध सुरु गर्न लागेको नयाँ र थप हिंसात्मक चरणको कानुनी जग मात्र हो।

***स्रोत :***
***https://www.bellyofthebeastcuba.com***
***Image : https://ichef.bbci.co.uk***
***एजेन्सीहरू***

# पुटिनसँग आसियान नेताहरूको शिखर भेटवार्ता



मनिला, २९ मे (एपी) । युक्रेन युद्धपछि रुससँगको सम्बन्धलाई लिएर सावधानी अपनाइरहेका दक्षिणपूर्वी एसियाली राष्ट्रहरूले अब राष्ट्रपति भ्लादिमिर पुटिनसँग प्रत्यक्ष उच्चस्तरीय संवादको तयारी गरेका छन् । जुन १७–१८ मा रुसको कजानमा हुने आसियान–रुस शिखर सम्मेलनमा क्षेत्रीय नेताहरूको सहभागिता हुने भएको छ ।

फिलिपिन्सकी विदेशमन्त्री थेरेसा लाजारोले सामाजिक सञ्जाल एक्समार्फत आफूले रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग टेलिफोन संवाद गरेको जानकारी दिनुभयो । छलफलको केन्द्रमा कजानमा हुने आसियान–रुस शिखर सम्मेलन रहेको उहाँले बताउनुभयो ।

मनिलास्थित रुसी दूतावासका अनुसार लाजारो र लाभरोभबिच आसियानसँग रुसको 'रणनीतिक साझेदारी विस्तार' गर्ने सम्भावनाबारे पनि विचारविमर्श भएको छ ।

आसियानमा फिलिपिन्ससहित ब्रुनाई, कम्बोडिया, इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मा, सिङ्गापुर, थाइल्यान्ड, भियतनाम र पूर्वी टिमोर आबद्ध छन् । युक्रेनमाथि सन् २०२२ मा रुसले आक्रमण गरेपछि अधिकांश सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्र महासभामा मस्कोविरुद्धको प्रस्तावलाई समर्थन गरेका थिए । त्यसका बाबजुद आसियानले रुसलाई 'संवाद साझेदार' का रूपमा कायम राख्दै आएको छ ।

आसियानभित्र रुस र पश्चिमप्रतिको दृष्टिकोण भने एकरूप छैन । फिलिपिन्सजस्ता केही सदस्य अमेरिका नजिक मानिन्छन् भने अन्य राष्ट्रहरूको चीन र रुससँग गहिरो व्यापारिक तथा सुरक्षा सम्बन्ध छ । भियतनाम र लाओसले युक्रेनसम्बन्धी संयुक्त राष्ट्र प्रस्तावमा मतदान नगरी तटस्थता अपनाएका थिए ।

ऊर्जा सुरक्षाले पनि रुस–आसियान सम्बन्धलाई नयाँ आयाम दिएको देखिएको छ । फिलिपिन्स, इन्डोनेसिया, थाइल्यान्ड र भियतनामलगायत केही सदस्य राष्ट्रहरूले विश्वव्यापी इन्धन मूल्य वृद्धिपछि रुसी कच्चा तेल खरिद वा आयातमा रुचि देखाएका छन् ।

फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले शिखर सम्मेलनमा भाग लिने अपेक्षा गरिएको छ । यसबारे सार्वजनिक रूपमा बोल्ने अधिकार नभएका एक सरकारी अधिकारीले एसोसिएटेड प्रेसलाई उक्त जानकारी दिनुभएको हो । सिङ्गापुरका नेताको सहभागिता भने अझै निश्चित भएको छैन । सिङ्गापुरले युक्रेन युद्धपछि रुसको आलोचना गर्दै प्रतिबन्धसमेत लगाएको थियो ।

हाल आसियान–रुस सम्बन्ध समन्वय गर्ने जिम्मेवारी म्यान्मासँग भए पनि त्यहाँका सैन्य नेतृत्वलाई सम्मेलनमा सहभागी हुन नदिइन सक्ने सम्भावना छ । सन् २०२१ को सैनिक 'कू' पछि म्यान्मामा गृहयुद्ध चर्किएसँगै आसियानले उसका शीर्ष नेतामाथि उच्चस्तरीय क्षेत्रीय बैठकमा प्रतिबन्ध लगाएको छ । तल्लो तहका कूटनीतिज्ञलाई भने सहभागिताको अनुमति दिँदै आएको छ ।

आसियानले सन् २०२१ मै म्यान्मा सङ्कट समाधानका लागि पाँचबुँदे शान्ति योजना अघि सारेको थियो । तर, म्यान्माको सैन्य सरकारले हिंसा नियन्त्रण र राजनीतिक संवाद अगाडि बढाउन नसकेको भन्दै क्षेत्रीय असन्तुष्टि कायमै रहेको छ ।

# ब्लू ओरिजिनको रकेट परीक्षणमै विस्फोट

केप क्यानाभेरल, २९ मे ( एएफपी) । अमेरिकी अर्बपति जेफ बेजोसको स्वामित्वमा रहेको अन्तरिक्ष कम्पनी ब्लू ओरिजिनलाई फेरि ठुलो धक्का लागेको छ । कम्पनीको महत्त्वाकाङ्क्षी 'न्यू ग्लेन' रकेट फ्लोरिडास्थित केप क्यानाभेरलको लन्च प्याडमा बिहीबार परीक्षणका क्रममा विस्फोट भएको छ । घटनामा कुनै मानवीय क्षति नभएको बताइएको भए पनि यसले कम्पनीको अन्तरिक्ष कार्यक्रममाथि नयाँ प्रश्न खडा गरेको छ ।

कम्पनीका अनुसार 'हटफायर' परीक्षणका क्रममा अप्रत्याशित समस्या उत्पन्न भएको थियो । एक्समार्फत जारी सङ्क्षिप्त वक्तव्यमा कम्पनीले सबै कर्मचारी सुरक्षित रहेको जनाएको छ ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोहरूमा करिब ९८ मिटर अग्लो न्यू ग्लेन रकेटको तल्लो भागबाट बाक्लो धुवाँ निस्किएको र केही क्षणमै विशाल आगोको मुस्लोमा परिणत भएको देखिएको छ ।

न्यू ग्लेन रकेट कम्पनीको दीर्घकालीन अन्तरिक्ष रणनीतिको केन्द्रमा रहेको परियोजना रहेकाले यो दुर्घटना ब्लू ओरिजिनका लागि पछिल्लो चुनौती बनेको छ । विस्फोटपछि जेफ बेजोसले घटनाको कारण तत्काल पहिचान गर्न समय लाग्ने उल्लेख गर्दै अनुसन्धान जारी रहेको बताउनुभएको छ ।

उहाँले कठिन परिस्थिति स्वीकार गर्दै आवश्यक सबै संरचना पुनर्निर्माण गरिने र कम्पनी फेरि उडानमा फर्किने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

ब्लू ओरिजिनका प्रमुख प्रतिस्पर्धी कम्पनी स्पेसएक्सका संस्थापक एलन मस्कले पनि दुर्घटनाप्रति दु:ख व्यक्त गर्दै यसलाई अत्यन्त दुर्भाग्यपूर्ण घटना भन्नुभयो ।

फ्लोरिडाका सांसद माइक ह्यारिडोपोलोसले आफू नासाका प्रशासक जारेड आइज्याकम्यानसँग निरन्तर सम्पर्कमा रहेको जानकारी दिनुभयो । उहाँले कुनै घाइते नभएकोमा राहत व्यक्त गर्दै तत्काल सक्रिय भएका उद्धारकर्मी, इन्जिनियर र प्रक्षेपण टोलीप्रति आभार प्रकट गर्नुभयो ।

नासा र ब्लू ओरिजिन हाल आर्टेमिस चन्द्र अभियानका लागि चन्द्र ल्यान्डर विकासमा सहकार्य गरिरहेका छन् । आइज्याकम्यानले पनि नासालाई घटनाबारे जानकारी रहेको उल्लेख गर्दै अन्तरिक्ष उडान अत्यन्त कठिन र त्रुटिप्रति असहिष्णु क्षेत्र भएको बताउनुभयो । उहाँका अनुसार साझेदार संस्थाहरूसँग मिलेर घटनाको विस्तृत अनुसन्धान, निकट भविष्यका मिसनमाथिको प्रभाव मूल्याङ्कन तथा पुन: प्रक्षेपण तयारीको काम अघि बढाइनेछ ।

ब्लू ओरिजिन यसअघि पनि समस्याबाट गुज्रिएको थियो । गत महिना न्यू ग्लेन रकेटले सञ्चार उपग्रहलाई निर्धारित कक्षामा पुर्‍याउने अभियान पूरा गर्न सकेको थिएन । यद्यपि, कम्पनीले रकेटको बूस्टर पुन: प्राप्ति र पुन: प्रयोगसम्बन्धी परीक्षण सफल भएको दाबी गरेको थियो, तर चालकविहीन अभियानले एएसटी स्पेसमोबाइलको उपग्रह निर्धारित स्थानमा पुर्‍याउन असफल भएको थियो ।

त्यसपछि अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) ले कम्पनीलाई दुर्घटना अनुसन्धान गर्न निर्देशन दिएको थियो । कम्पनीका अनुसार सो अनुसन्धान यस महिनाको सुरुमै सम्पन्न भइसकेको छ । मे २२ मा ब्लू ओरिजिनले अत्यधिक तापीय अवस्थाका कारण रकेटको एउटा इन्जिनले अपेक्षित पूर्ण शक्ति उत्पादन गर्न नसक्दा लक्ष्यित कक्षा गुमेको जनाएको थियो ।

# इरान–अमेरिका युद्धविराम विस्तार

वासिङ्टन, २९ मे (एपी) । तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि युद्धविराम विस्तार गर्ने तथा इरानको आणविक कार्यक्रमसम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबिच अस्थायी सम्झौता भएको छ ।

तर, इरानले भने अहिलेसम्म उक्त सम्झौताको औपचारिक पुष्टि गरेको छैन । अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले सम्झौता भएको जानकारी दिनुभएको छ ।

सम्झौतासँगै हर्मुज जलडमरुसम्बन्धी प्रावधानहरू पनि अगाडि सारिएको जनाइएको छ । प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल लगाउने अधिकार प्रयोग गर्न नपाउने तथा ३० दिनभित्र त्यहाँ राखिएका सबै खानी हटाउनुपर्ने व्यवस्था समेटिएको छ । ती अधिकारीले सार्वजनिक रूपमा बोल्न अधिकार नभएकाले नाम नखुलाउने सर्तमा जानकारी दिएका हुन् । युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारी रूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौँ भाग प्रभावित भएको बताइएको छ ।

यसैबिच, अमेरिकाले इरानी बन्दरगाहहरूमा गरिएको नौसैनिक दबाब क्रमश: हटाउने र प्रतिबन्धहरू खुकुलो पार्दै इरानलाई थप तेल बिक्री गर्न अनुमति दिने तयारी गरेको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सम्झौता अन्तिम भएपछि तेलको मूल्य छिट्टै घट्न सक्ने अनुमान व्यक्त गर्नुभएको छ । यद्यपि, अमेरिकाले इरानी तेल बिक्रीसँग सम्बन्धित थप प्रतिबन्धहरू पनि लगाएको छ, जसले आर्थिक दबाब अभियान अझ विस्तार गरेको देखिएको छ ।

इरानले केही व्यावसायिक जहाजहरूलाई आवतजावत गर्न दिएको दाबी गरे पनि यस महिनामा औसत दैनिक जहाज आवागमन युद्धपूर्वको तुलनामा निकै घटेको छ । यसबिच इस्लामिक गणतन्त्रले केही जहाजबाट टोल पनि असुल गरेको आरोप छ र यसै सन्दर्भमा नयाँ औपचारिक नियन्त्रण निकाय स्थापना गरिएको उल्लेख गरिएको छ ।

सम्झौताको मुख्य संवेदनशील विषय इरानको अत्यधिक संवर्धित युरेनियम भण्डारण रहेको बताइएको छ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानसँग ४४०.९ किलोग्राम युरेनियम छ, जुन ६० प्रतिशतसम्म संवर्धित छ र यो हतियार–स्तर ९० प्रतिशतभन्दा केही तलमात्र रहेको प्राविधिक सीमा हो । वार्ताकारहरूले उक्त भण्डारणको भविष्यबारे प्रारम्भिक सहमति खोज्ने प्रयास गरिरहेको जनाइएको छ, जसको विस्तृत रूप आगामी वार्तामा तय हुने अपेक्षा गरिएको छ ।

उपराष्ट्रपति भान्सले आणविक सामग्री, संवर्धित भण्डार र संवर्धन प्रक्रियासम्बन्धी विषय अझै छलफलमै रहेको बताउँदै लामो समयसम्म असर पार्ने किसिमको समाधान खोज्ने प्रयास भइरहेको उल्लेख गर्नुभयो । तर, इरानले भने आफ्ना युरेनियम भण्डार पूर्ण रूपमा त्याग्ने प्रतिबद्धता अझै सार्वजनिक रूपमा जनाएको छैन । केही विश्लेषकहरूले उक्त भण्डारलाई चीन वा रूसजस्ता तेस्रो पक्षलाई जिम्मा दिने विकल्पबारे छलफल हुन सक्ने सङ्केत गरेका छन् ।

यता इरानले वार्तामा लेबनानमा इजरायली सैन्य कारबाही रोक्ने विषय पनि समावेश हुनुपर्ने अडान दोहोर्‍याएको छ । यसैबिच लेबनानको राजधानी बेरुत आसपास र दक्षिणी क्षेत्रमा भएको आक्रमणपछि तनाव अझ बढेको छ, जसमा कम्तीमा १४ जनाको मृत्यु भएको विवरण सार्वजनिक भएको छ ।

क्षेत्रीय सुरक्षाको अवस्था थप जटिल बन्दै जाँदा कुवेतले आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत इरानबाट प्रक्षेपित मिसाइल र ड्रोनहरू रोकिएको जनाएको छ । कुवेतको विदेश मन्त्रालयले यसलाई स्पष्ट आक्रमण भन्दै निन्दा गरेको छ भने अमेरिकी सेन्ट्रल कमान्डले यसलाई गम्भीर युद्धविराम उल्लङ्घनको रूपमा व्याख्या गरेको छ ।

अमेरिकी अधिकारीहरूका अनुसार हालैका दिनहरूमा इरानमाथि थप कारबाही गरिएको छ । यसमा ड्रोनहरू खसाल्ने र केही सैन्य संरचनामा आक्रमण गर्ने कार्य पनि समावेश छ । इरानले भने आफ्ना रिभोलुसनरी गार्डमार्फत प्रतिकारात्मक आक्रमण गरेको जनाएको छ । यद्यपि त्यसको विस्तृत लक्ष्यबारे स्पष्ट जानकारी दिएको छैन ।

अस्थायी सम्झौताको विवरण पहिले समाचार संस्था एक्सियोसले सार्वजनिक गरेको थियो । यद्यपि, दुवै पक्षले आंशिक सहमति र आंशिक असहमतिको अवस्थामा वार्ता जारी राखिरहेका छन् । अमेरिकी उपराष्ट्रपति भान्सका अनुसार युद्धविराम पूर्ण रूपमा स्थिर नभए पनि हालसम्म 'धेरै हदसम्म टिकिरहेको' छ र वार्ता निरन्तर अगाडि बढिरहेको छ ।

पछि बिहीबार इरानको प्रतिरक्षा प्रणालीले दक्षिणी सहर जाम नजिकै एक 'शत्रुतापूर्ण विमान' नष्ट गरेको दाबी गरिएको छ । स्थानीय अधिकारीहरूका अनुसार घटनाबारे थप विवरण तत्काल उपलब्ध नभए पनि क्षेत्रीय तनाव अझै उच्च अवस्थामा रहेको छ ।

# रुसी ड्रोन रोमानियामा खस्यो

बुखारेस्ट, २९ मे (एपी) । युक्रेन युद्धको असर नाटो सदस्य राष्ट्र रोमानियासम्म पुगेको छ । युक्रेनमाथिको रातभरको रुसी आक्रमणसँग सम्बन्धित एक ड्रोन पूर्वी रोमानियाको आवासीय भवनमा खस्दा दुई जना घाइते भएका छन् । घटनापछि रोमानियाले नाटोसँग थप एन्टी–ड्रोन सुरक्षा क्षमता तत्काल उपलब्ध गराउन आग्रह गरेको छ ।

रोमानियाको रक्षा मन्त्रालयका अनुसार ड्रोनलाई देशको हवाई क्षेत्रमा राडारमार्फत निगरानी गरिएको थियो । त्यसपछि उक्त ड्रोन पूर्वी सहर गलाटीस्थित एउटा अपार्टमेन्ट भवनको छतमाथि खस्दा आगलागी भएको थियो । घटनामा दुई जनालाई सामान्य चोट लागेको छ भने भवनका धेरै बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ ।

डेन्यूब नदी किनारमा रहेको गलाटी सहर मोल्दोभा र युक्रेन सीमाको नजिक पर्छ । घटनापछि प्रहरी, आपत्कालीन सेवा र अन्य निकाय तत्काल परिचालित भएका थिए । रोमानियाली सेनाले दुई वटा एफ–१६ लडाकू विमान र एउटा हेलिकप्टर परिचालनको अनुमति दिएको थियो भने स्थानीय बासिन्दालाई सतर्कता सन्देश पठाइएको थियो ।

घटनालाई रोमानियाको विदेश मन्त्रालयले अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन भनेको छ । मन्त्रालयले नाटोसँग गठबन्धनको हवाई सुरक्षालाई मजबुत बनाउन तथा एन्टी–ड्रोन प्रणालीको तीव्र आपूर्तिको मागसमेत गरेको छ ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले घटनाले 'रुसको युद्धले अर्को सीमा पार गरेको' देखाएको टिप्पणी गर्नुभएको छ । उहाँले युरोपेली भूभागको घना बस्ती भएको क्षेत्रमा रुसी ड्रोन खस्दा सर्वसाधारण घाइते भएको उल्लेख गर्दै युरोपेली सङ्घ (इयु) ले पूर्वी सीमाको सुरक्षा थप सुदृढ बनाउने र रुसविरुद्ध नयाँ प्रतिबन्ध प्याकेजको तयारी गरिरहेको जानकारी दिनुभयो ।

यसैबिच, युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो देशलाई थप प्याट्रियट हवाई प्रतिरक्षा प्रणाली उपलब्ध गराउन अमेरिकामाथि दबाब बढाइरहेको बताउनुभएको छ । स्विडेन भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै उहाँले इरानसँग सम्बन्धित क्षेत्रीय तनावका कारण अमेरिकी हतियार भण्डार अन्यत्र मोडिँदा युक्रेनका लागि आवश्यक आपूर्ति खतरनाक रूपमा घट्दै गएको चेतावनी दिनुभयो ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि युद्धको तीव्रता नियन्त्रणबाहिर जाने जोखिम रहेको भन्दै सुरक्षा परिषदलाई सचेत गराउनुभयो । उहाँका अनुसार यस वर्षको पहिलो चार महिनामा विगत तीन वर्षको सोही अवधिको तुलनामा बढी सर्वसाधारणको ज्यान गएको छ । उहाँले तत्काल तनाव घटाउने, कूटनीतिक प्रयास बढाउने तथा पूर्ण र बिनाशर्त युद्धविराम लागू गर्न आह्वान गर्नुभएको छ ।

हास्यव्यङ्ग्य

# नराम्रो काम, राम्रो नाम !

✍ इकुश्रे

भन्न त सुगारटान गरेझैँ सबैले भन्छन्, 'काम ठुलो हो, नाम त पहिचान मात्र !' तर, हाम्रो समाजको विद्रूप यथार्थको ऐनामा हेर्ने हो भने कामको कद सधैँ होचो र नामको टाउको हिमालजत्रो देखिन्छ । काम जतिसुकै हिलो, दुर्गन्धित र अनैतिक किन नहोस्, यदि त्यसमा नामको सुगन्धित अत्तर छर्कन सकियो भने त्यो बजारमा लोकप्रिय भएर बिक्छ । त्यसैले त, अब पुराना र मक्किएका उखानहरूलाई एकाउन्न सुकाको ढोग चढाएर बिदाइ गर्नुपर्ने बेला आएको छ । "कामले मान्छे चिनिन्छ" भन्ने आदर्शवादी भनाइलाई च्यातेर अब नयाँ समाजशास्त्रीय भाष्य स्थापना गर्नुपर्छ, "नाम राम्रो भएपछि, नराम्रो काम पनि सुनको भाउमा किनिन्छ र पुजिन्छ !"

तपाईं ओठ लेप्राएर, नाक खुम्च्याउँदै 'घुस' भन्नुस् त ! भद्र समाजले तत्कालै आफ्नो कान थुन्छ, आँखिभौँ तन्काउँछ र छि:छि: दुरदुरको सामूहिक भजन गाउन थाल्छ । तर, यसलाई आधुनिक बजारको 'ब्युटी पार्लर' मा हुलेर, अलिकति लिपस्टिक-पाउडर घसिदिनुस् र कण्ठ सफा गर्दै 'सेवा शुल्क' भनिदिनुस्– आहा, कति शालीन, कति सुसंस्कृत र कति न्यायसङ्गत सुनिन्छ ! टेबलमुनिको अन्धकारबाट सुटुक्क अर्काको गोजीमा छिर्ने त्यो गुलाबी नोटको बिटो जब 'सेवा शुल्क'को रेशमी पहिरनमा प्रकट हुन्छ, तब लिनेको अनुहारमा ग्लानिको छाया होइन, बरु भर्खरै जगत् कल्याण गरेर फर्किएको 'गर्व' को अलौकिक चमक देखिन्छ ।

त्यस्तै, 'भ्रष्टाचार' भन्यो भने कानुनका सुतेका आँखाहरू बिउँझेलान्, समाजमा अलिकति खैलाबैला मच्चिएला भन्ने डर पनि हुन्छ । तर, यसलाई 'अधिकारको प्रयोग' को लेबल टाँसिदिएपछि सारा कोलाहल मसानघाटजस्तै शान्त भइदिन्छ । देशका ठुला-ठुला ठेक्कापट्टा, नीतिगत भ्रष्टाचार र अरबौँको घोटालामा हुने कुरूप 'सेटिङ' सुन्दा कानुन जुरुक्क उठ्न सक्छ । तर, चतुर खेलाडीहरू त्यसलाई 'कार्यगत एकता' वा 'रणनीतिक साझेदारी' भनिदिन्छन् । अनि त त्यो राष्ट्रिय सहमतिको एउटा सुन्दर र अनुकरणीय नमुना बन्न पुग्छ ! 'कमिसन' शब्द पनि अलिक बजारिया, सस्तो र नाङ्गो सुनियो, त्यसैले यसलाई पनि हाम्रो सम्भ्रान्त व्याकरणले 'नजराना' वा 'उपहार' को चोखो जल छर्केर पवित्र बनाइसकेको छ । आखिर सामन्ती युगदेखि मालिकलाई नजराना टक्र्याउनु त हाम्रो रगतमा बगेको महान् सांस्कृतिक परम्परा नै त हो, होइन र ?

नामको यो जादुमयी प्रपञ्च जब सरकारी अड्डा र राजनीतिक मञ्चमा पुग्छ, तब यसले एउटा रोचक र विभेदकारी 'भाषिक सामन्तवाद' को रूप धारण गर्छ । यहाँ कुर्सीको न्यानोमा मच्चिने 'हाकिम' र जनताको रगत-पसिनाको करबाट घ्याम्पा जत्रो भुँडी पाल्ने 'नेता'का लागि शब्दकोश नै बेग्लै छापिएको हुन्छ । निहुरिएर न्याय र सेवाको भीख माग्ने रैती 'जनता' र ठडिएर समयको बर्बादी गर्ने 'शासक' ले प्रयोग गर्ने शब्दको व्याकरण नै अलग छ ।

उदाहरणका लागि, जब कुनै ठुला हाकिम वा उच्च ओहोदाका नेता दिनभरि कार्यकक्षमा घुर्नुहुन्छ वा सामाजिक सञ्जाल स्क्रोल गर्दै घाम वा शीतल तापेर राष्ट्रिय समयको हत्या गर्नुहुन्छ, तब चाकडीबाजहरूको फौजले त्यसलाई 'अत्यधिक कार्यव्यस्तता', 'गम्भीर गृहकार्य' वा 'आन्तरिक विचार-विमर्श' को पगरी गुथाइदिन्छ । तर, तिनैका अघिल्तिर एउटा निमुखा, कम वेतनभोगी कारिन्दा वा सर्वसाधारण जनताले थकाइका कारण दुई मिनेटमात्रै आँखा चिम्लियो भने, उसलाई तुरुन्तै 'कामचोरी', 'लापरबाही' र 'अनुशासनहीनता' को डाम लगाइन्छ ।

नेताले चुनावी वैतरणी तर्न र आफ्ना कार्यकर्ताहरूलाई खुसी पार्न सरकारी ढुकुटीबाट करोडौँ रुपियाँ खैराँत बाँड्दा त्यो 'आर्थिक सहायता' वा 'राहत वितरण'को लोककल्याणकारी कर्म बन्छ; तर तिनै कारिन्दाले आफ्नो पसिनाको जायज भत्ता माग्दा वा सर्वसाधारणले आफ्नो अधिकार खोज्दा त्यो 'राज्यकोषमाथिको दोहन' वा 'लोभी प्रवृत्ति' ठहरिन्छ । हाकिम वा नेताले आफ्ना अयोग्य साला-साली, भतिज-भतिजीलाई नियमको धज्जी उडाएर जागिरको भिडमा घुसारे भने त्यो 'योग्य जनशक्तिको पहिचान र व्यवस्थापन' को आधुनिक मोडल बन्छ । तर, तल्लो तहको एउटा कारिन्दाले आफ्नो रोजीरोटीका लागि सामान्य भनसुनको कोसिस मात्र गर्दा पनि त्यो 'नातावाद' र 'घोर सामाजिक अपराध' को श्रेणीमा पर्छ । शक्तिमा बस्नेहरूले गर्ने नीतिगत र नियतवश गल्तीहरू 'कार्यविधिगत त्रुटि' वा 'प्राविधिक असमझदारी' का नाममा गङ्गाजलले पखालेझैँ सफा हुन्छन् तर सर्वसाधारण जनताले एउटा फारम भर्दा झुक्किएर अक्षर बिगारे पनि त्यो 'नियतवश गरिएको जालसाजी र कीर्ते' बन्न पुग्छ ।

नामको यो जादु मानिसको व्यक्तित्व र चरित्र लुकाउने मखमली पर्दा पनि हो । हाम्रो समाजमा कतिपय यस्ता 'पूजनीय महाशयहरू' भेटिन्छन्, जसको कर्म कसाहीको भन्दा क्रूर हुन्छ, तर नाम भने 'धर्मप्रसाद' वा 'गुनबहादुर' राखिएको हुन्छ । दिनभरि सत्यको हत्या गर्ने, गरिबको श्रम चुस्ने, अनि नाम चाहिँ 'धर्मप्रसाद' ! जीवनभर कसैलाई एक चिम्टी गुन नलगाउने, समाजमा अपगुन र विकृतिको विष मात्र ओकल्ने, तर नाम चाहिँ 'गुनबहादुर' ! नाम र कामको यो द्वन्द्व देख्दा लाग्छ, नाम बदमासी र पाखण्ड लुकाउने एउटा बुट्टेदार ढाल मात्र हो । कर्म जतिसुकै 'चण्डाल' र राक्षसी होस्, नाम चाहिँ 'कञ्चन' वा 'निर्मल' भए पुग्छ किनभने समाजले नामकै आरती गर्छ ।

नामको स्वाद खानेकुराको बजारमा पनि उत्तिकै मज्जाले चाख्न पाइन्छ । महिनौँसम्म फोहोरको भाँडोमा कुहाएर, झिँगा र साङ्ला भन्काएर बेस्वाद र विषाक्त बनेको अखाद्य वस्तुलाई लिनुस् । त्यसमा अलिकति क्यान्सर निम्त्याउने रासायनिक रङ हाल्नुस्, सेतो विष मानिने चिनी टन्न मिसाएर गुलियो बनाउनुस् र त्यसलाई आकर्षक प्याकेटमा बन्द गरेर 'पुष्टकारी' वा 'अर्गानिक भिटामिन' नामकरण गरिदिनुस् । अब त्यो आधुनिक बजारको सबैभन्दा प्यारो, सम्भ्रान्त र महँगो विशिष्ट परिकार बन्यो । मानिसहरू तँछाडमछाड गर्दै, आफ्नो कमाइको ठुलो हिस्सा तिरेर त्यो कुहिएको वस्तु आफ्नो र आफ्ना छोराछोरीको पेटमा कोच्छन् । किनकि, उनीहरूले वस्तु खाएका होइनन्, उनीहरूले त 'पुष्टकारी' भन्ने 'नाम'को भ्रम खाएका हुन् । नामको यो स्वादिष्ट भ्रमले मानिसको सामूहिक विवेकलाई कसरी कुहाएको छ भन्ने कुराको योभन्दा जीवन्त र दारुण उदाहरण अरू के हुन सक्छ र ?

हाम्रो शिक्षा क्षेत्र त झन् नाम बदल्ने कलाको विश्वविद्यालय नै हो । अचेल शिक्षा व्यापार होइन, 'पवित्र सेवा' भनिन्छ, तर विद्यालयको बिल र शुल्क सुन्दा अभिभावकको सातो जान्छ, मुटुको धड्कन बन्द हुन खोज्छ । देशको संविधानले सगर्व भन्छ- "माध्यमिक तहसम्मको शिक्षा पूर्णत: नि:शुल्क हुनेछ ।" त्यसैलाई आधार मानेर नियम बनाइन्छ, "विद्यार्थीसँग 'परीक्षा शुल्क' लिन पाइँदैन ।" तर, शिक्षाका व्यापारीहरूले टाउको कन्याए, बुद्धि लगाए र अद्भुत उपाय निकाले– "ह्या, परीक्षा शुल्क पो लिन पाइँदैन त, 'परीक्षा खर्च' तोकेर लिन त कानुनले रोकेको छैन नि !" अनि त के चाहियो र ? 'शुल्क' को ठाउँमा 'खर्च' शब्दको जलप लगाइदिएपछि जत्ति पनि रकम असुल्न पाइने भयो ! कानुनको कागज पनि खुसी, सञ्चालकको गोजी पनि खुसी ! त्यस्तै, 'महिनावारी शुल्क' त लिन पाइँदै पाइँदैन, लिएमा गैरकानुनी ठहर्छ । तर, त्यसको सट्टामा 'विद्यालय सहयोग कोष' जस्ता पवित्र र धार्मिक नामहरू राखिदिएपछि अभिभावकको खल्ती रित्याउन कुनै साइत हेर्नु पर्दैन । 'सहयोग' भनेपछि कुन चाहिँ इज्जतदार अभिभावकले नाइँ भन्न सक्छ र ? 'भर्ना शुल्क' को त झन् कुरै नगरौँ, त्यो त पुरानो र बदनाम शब्द भइसक्यो । त्यसको ठाउँमा 'प्रवेश सहयोग', 'पूर्वाधार विकास कोष' वा 'सद्भावना सहयोग' जस्ता कर्णप्रिय र साहित्यिक नामहरू राखेपछि ब्रह्मलुट मच्चाउन बाटो खुल्ला ! शब्दकोशका शब्दहरूलाई यसरी बङ्ग्याएर आफ्नो स्वार्थको दुहुनो गाई बनाउन सक्ने मानव मतिलाई सलाम नगरेर कसलाई गर्ने ?

राजनीतिक रङ्गमञ्चमा त नामको यो प्रहसन सीमापार नै छ । यहाँ त केवल नामकै खेती गरेर कतिले सत्ताको स्वर्णिम महल बनाए, कतिले इतिहासको पानामा आफ्नो नाम जबरजस्ती राखे । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रको घाँटी निमोठेर निर्दलीय व्यवस्था लादे । तर, त्यो निरङ्कुश र तानाशाही शासनलाई पनि 'नेपाली माटो सुहाउँदो प्रजातन्त्र' भनेर कति सुन्दर नामको जलप लगाइयो ! पछि त्यो पनि अलोकप्रिय र कुरूप भएपछि 'बहुदल' नामको नयाँ पसल खोलियो । मानिसहरूले सोचे– अब नयाँ युग आयो, राष्ट्रको मुहार फेरियो । तर, त्यो 'बहुदल' नामले पनि गरिबको चाहना पूरा गर्न बहाना मात्र गर्‍यो ।

आज देशमा न पञ्चायत छ, न बहुदल । अहिले त हामी 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र'को उज्यालो र अत्याधुनिक छानामुनि छौँ । नाम कति गर्विलो, कति लामो, कति दार्शनिक र कति वजनदार ! तर, यति ठुलो र ठालु नाम भएर के गर्नु ? कामको हविगत, शासकीय आचरण र व्यवस्थापकीय परिणाम हेर्दा उही 'जुन जोगी आए पनि कानै चिरेको' उखान चरितार्थ हुन्छ । नाम परिवर्तन भयो, व्यवस्थाको साइनबोर्ड फेरियो, शासकका अनुहार र शैली फेरिए, तर सोझा र सर्वसाधारण जनताको नियति, पीडा र अवस्था जहाँको तहीँ रह्यो । भनेपछि, नामको कमाल र यसको विडम्बना कति विस्मयकारी हुँदोरहेछ है !

यसरी समग्रतामा हेर्दा, हाम्रो समाज, प्रशासन र राजनीति शब्दहरूको भ्रामक जालझेल र भाषिक कूटनीतिमा मात्रै रुमल्लिएको देखिन्छ । हामी कामको गुणस्तर सुधार्न, आचरण बदल्न र इमानदार बन्नतिर कहिल्यै लाग्दैनौँ; बरु त्यो नराम्रो र कुरूप कामलाई कुन चाहिँ राम्रो र आकर्षक नामले ढाकछोप गर्ने भन्ने कुरामा मात्र निरन्तर विद्यावारिधि गरिरहन्छौँ । सत्यलाई असत्यको र असत्यलाई सत्यको मुखौटा पहिराउन नाम नै सबैभन्दा ठुलो र अचुक हतियार बनेको छ ।

ठुलालाई चयन र सानालाई ऐन लाग्ने यो भाषिक प्रपञ्च र नामको यो मोहनी रूपबाट बाहिर निस्केर अब कामको वास्तविक र नाङ्गो धरातललाई हेर्नुपर्ने बेला आइसकेको छ । जबसम्म हामी 'सेवा शुल्क' भित्र लुकेको 'घुस'को कुरूप अनुहारलाई चिन्न सक्दैनौँ, जबसम्म 'पुष्टकारी' भित्रको 'कुहिएको वस्तु' पहिचान गर्ने चेत खुला गर्दैनौँ र जबसम्म ठुलाका 'कार्यव्यस्तता' र सानाका 'कामचोरी' बिचको भाषिक सामन्तवाद बुझ्न सक्दैनौँ, तबसम्म नाम जतिसुकै अनुप्रासमय, साहित्यिक र कर्णप्रिय भए पनि हाम्रो राष्ट्रिय नियति भने सधैँ कङ्गाल र दास नै रहिरहनेछ । त्यसैले, अब नामको झुटो महात्म्य गाएर ताली पड्काउन छोडौँ र कामको नाङ्गो सत्यलाई नाङ्गो आँखाले मूल्याङ्कन गर्न सिकौँ । किनकि, भ्रमको आयु जतिसुकै लामो भए पनि त्यसले सत्यको तिर्खा मेटाउन सक्दैन

कविता

## थोत्रो बाटोमै हिंड्नेहरू

✍ स्नेह

दिन दुईगुणा रात चौगुणा
महँगी बढाउनेहरू
ऋणमा तलब बढाउने किन ?
तागत भए महँगी घटाउनू
११८० अर्ब राजस्व उठ्ने
तलब १३३० अर्ब चाहिने
वर्षको ३५० अर्ब
ऋणको सावाँ ब्याज तिर्नेहरू
ऋणमै देश चलाउनेहरू
कसरी नयाँ होलान् ?

थोत्रो बाटोमै हिँड्नेहरू
सहकारी ठग्दै आएकाहरू
राज्यकोष बाँड्नेहरू
न्युयोर्कको टाइम्स पत्रिकामा
जेलेन्स्कीसँग तस्वीर छापिँदैमा
कसरी नयाँ होलान् ?
नेपालको मानचित्र नष्ट पार्न
सिंहदरबार, संसद्, सर्वोच्चमा
आगजनी गर्ने देशद्रोहीहरू
कसरी देशभक्त होलान् ?

## अमर विचार

✍ साहिँला

ट्रम्पराजको कठपुतली इजरायलले
धर्मको नाउँमा नरसंहार गर्‍यो
जमिन, तेल, ग्याँस, सुन हडप्न
प्यालेस्टिनी जनताको ।
उसैका चेलाहरू
सम्पदा मासेर महल ठड्याउने
सार्वजनिक जग्गा हडप्ने
अकुत जग्गाधनीहरू
किलोका किलो सुनका मालिकहरू
देश भष्म पारी खरानी बेच्नेहरूले
देश कसरी बनाउँछन् ?
दम्भी व्यभिचारीहरू
ज्यू हजुरीको भरमा
आज भए अहङ्कारी
आफैलाई महान सम्झी ।
साम्राज्यवादी अहङ्कारी
मालिकको भर कति दिन रहला !

उसैलाई संसारबाट खेद्दै छन्
बुढो घोडा काम नलाग्ने भनी
नयाँ बलिया रोजेकै तिमीलाई
गलामा घण्टी झुन्ड्याउँदै ।
हेक्का राख्नु
खुसी पारूञ्जेल स्यावासी
हैन भने
दूधमा परेको झिङ्गा न हो ।
समयमै पीडित जनताको
सावाँ ब्याज कहिले तिर्ने हो !
भ्रष्टाचारी, अपराधीहरूलाई
मृत्युदण्डको सजाय र
सुशासन कायम गर्न
अध्यादेश कुर्नु पर्दैन ।
ढुङ्गाको मूर्तिले बोल्दैन
अब मपाईंवादी अहम् चल्दैन
नि:स्वार्थ सेवा भाव नै हो
अमर विचार ।

## बचत फिर्ता गर्ने सन्देश

✍ आर.के. विद्रोही

साथी मैले विश्वास गरी,
जग्गा बेचेको धन तिमीलाई थमायौ,
'घर किन्नैपर्ने' भन्ने सर्त राखेर,
आशा र भरोसाका साथ दियौ ।

मैले पनि विश्वास गरेको थिएँ,
छिट्टै सबै फिर्ता गर्नेछ भनेर,
तर परिस्थिति र बाध्यताले,
पटक-पटक सारियो रकम फिर्ता समय ।

मैले घर खोजेँ, समय पर्खेँ
धेरै चोटि सम्झाएँ पनि,
तर तिम्रो उत्तरमा बहाना धेरै भए,
मेरो मनमा पीडा भरियो ।

आज म लाज र क्षमायाचनासहित,
फेरि एकपटक अनुरोध गर्छु,
जसरी भए पनि पैसा मिलाउनु,
अलिकति समय र सहयोग माग्छु ।

विश्वास नटुटोस् हाम्रो मित्रता,
सम्बन्धमा दरार नपरोस्,
मेरो पैसा तिर्ने जिम्मेवारीबाट,
तिमी कहिल्यै पछि नहट्टोस् ।

माफी देऊ यदि दु:ख दिएँ भने,
मनले कहिल्यै धोका सोचेको छैन,
साथी, मेरो भरोसाको ऋण,
जीवनमा कहिल्यै बिर्सने छैन ।

लघु कथा

## भजन गायन प्रदर्शनी

✍ इन्द्र

'आफूले आफैलाई चिन्न नसक्दा दु:ख पायो रे'

"आहा ! कस्तो मर्मस्पर्शी अनि गहन र अति महत्त्वपूर्ण भाव छ, सन्देश छ । भजन गायन भनेको यस्तो पो हुनुपर्छ । नेताहरू, शासकहरू, नेपाली जनताले यस्तै भाव, विचार समयमा बुझ्न नसक्दा, त्यसअनुसारको आचरण गर्न नसक्दा आज देश परनिर्भर भयो । विदेशीले सहयोगको नाममा आदेश र धम्की दिन आए । देश र जनताले दु:ख पाए । यी भजनमा के छैन सबै छ । यसमा अत्मिनिर्भरता, कला, संस्कृति, जीवन, समाज र देश छ । यसले लोभ नगर्ने त्याग गर्ने, नि:स्वार्थ सेवा गर्ने संस्कार सिकाएको छ । यो भजनको मर्मस्पर्शी भाव, विचार, नयाँ पुस्तामाझ पुर्‍याउन सकिएन । नवदुर्गाको नाचमा पनि जीवन छ, दर्शन छ तर नयाँ पुस्तामा पुर्‍याउन सकेन । यस्तै हाम्रा मौलिक मूर्त, अमूर्त सम्पदाहरू धेरै पैसा खर्च गरेरै यहाँ आइरहेका छन् ।"




यसैलाई मनन गरी भक्तपुर नगरपालिकाले पुर्खाले सिर्जेको हामीलाई सुम्पेर गएको 'नासो' कला र संस्कृति जोगाउन आयोजना गरेको भक्तपुर नगरव्यापी भजन गायन प्रदर्शनीको रसपान, गरिरहेका ज्येष्ठ नागरिक कृष्णकुमारले सँगै त्यस्तै रसपान गरिरहेका साथी आसकुमारलाई आफ्नो विचार र अनुभव बाँडे ।

उनले फेरि थपे, "यसरी नयाँ पुस्तालाई बताउने, सुनाउने काम नहुँदा नयाँ परिवार, समाज, देशलाई होइन आफ्नो पढाइ र स्वार्थलाई मात्र हेरे । उनीहरू खालि पढेर हाम्रो देश कसरी बन्छ ? हामीसँग नभएको पढ्न, सिक्न विदेश जानुपर्छ । त्यो पढाइ, सिकाइ अनुभव देश फर्केर देश बनाउनमा लगाउनुपर्छ । हाम्रा पुर्खाहरूले अग्रजहरूले यस्तै गरे । हेर्नुस् त सधैँ हेरिरहुँ जस्तो लाग्ने हाम्रो पाँचतले र भैरवको मन्दिर, अनि स्वर्णद्वार र पचपन्न झ्याले दरबार कति सुन्दर, कति गौरव होइन आसकुमार ?"

त्यो त सोह्रै आना हो कृष्णकुमार ! आसकुमारले पनि साथी कृष्णकुमारको विचारलाई समर्थन गर्दै भने, "मलाई पनि भजन र तिम्रो विचारले आनन्द र गौरवको अनुभूति भयो । मलाई त रोग शोक केही नभएको पूरै स्वस्थ युवा भएको जस्तो अनुभव भयो । त्यसो भनेर हामी भजन मात्र गाएर बस्ने होइन । आफूले सकेको परिवार, समाज अनि देशको लागि पनि काम गर्नुपर्छ । यो अर्को धर्म हो । देवतालाई पुजेर लाख बती बाल्दैमा, बोका काट्दैमा आफूले गरेको पापबाट कहाँ जोगिन्छ र ? आफू बलियो, धनी भएको बेला अरुलाई स्वार्थपूर्ति गर्न दिएको दु:खकष्ट, देउताको जग्गा जमिन, देशको सम्पति हडपेको परिवार, समाजलाई हुनसम्म दु:ख दिई गरेको पाप कर्मको फल हरिनारायण र रामको नाम जपेर मुक्त हुँदैन । उनीहरू छिँडीमा सुताउने बेला, आर्यघाटमा राख्ने बेलामा पापले पोलेर शान्त र आरामसँग मर्न सक्दैनन् ।

उनले पुन: थपे, "कृष्णकुमार यस्तो भजनकीर्तनले मर्दा, पर्दा सङ्कटको बेला नि:स्वार्थ सेवा र सहयोग गर्ने, अन्यायको विरुद्ध आवाज उठाउने, देश, समाजलाई, सङ्कट आइपरेको बेला लड्न उत्प्रेरित गर्ने खालका देशभक्ति भावना, विचार दिने खालको भजन गाउनु आवश्यक छ । अन्य स्थानीय सरकार वा पालिकाहरूले पनि भक्तपुर नगरपालिकाले जस्तै आफ्नो ठाउँ, संस्कृति विशेषको हामी देशको श्रृङ्गार, सम्पत्ति विभिन्न जातजातिको यस्तै भजन, नाचगान प्रदर्शन, प्रतियोगिता गर्नु जरुरी छ । आखिर हाम्रो देश भनेको यहीँ त हो नि । होइन कृष्णकुमार ? ल भोक पनि लाग्यो । हिजै घरमा आउँदा छोरी र नातिनीले भजन हेर्न आउनुस् । मिठो खाजा पकाइराख्छु आउनुस् है बुबा भनेकी थिइन् । जाऔँ, त्यो नेपाली शैलीको छोरीको घरमा भन्दै दुबै गए ।"










***भक्तपुरमा....***

रवीन्द्र ज्याख्व र वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको थियो । दत्तात्रयमा भएको सांस्कृतिक ऱ्याली उद्घाटन कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा र ८ का वडा सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिको नेतृत्वमा भएको सांस्कृतिक ऱ्याली जनप्रतिनिधिसहितको मूल व्यानर, दाफा प्रदर्शनी टोली, नेपाल स्काउटका स्वयम्सेवक, स्थानीय अग्रज, विद्यालय, कलेज, सहकारी संस्था, टीम, क्लबका प्रतिनिधि, नगरपालिकाका कर्मचारी तथा नगर प्रहरीहरूको उल्लेखनीय उपस्थिति थियो ।

भक्तपुर नगरपालिकाले भक्तपुरको मूर्त र अमूर्त कला संस्कृति संरक्षण, संवर्द्धन र पुस्तान्तरण गर्ने उद्देश्यले हरेक वर्ष यस्ता सांस्कृतिक प्रदर्शनी तथा प्रतियोगिताहरू आयोजना गर्दै आएको थियो ।

दत्तात्रयबाट सुरु भएको सांस्कृतिक ऱ्याली इनाचो, गोल्मढी, सुकुलढोका, साकोठा, टौमढी, बोलाछेँ हुँदै नासमना पुगी कार्यक्रमको उद्घाटन भएको थियो ।

# किसान कार्यकर्ताहरू राजनैतिक रूपमा सचेत र सङ्गठित हुनुपर्ने



भक्तपुर, १५ जेठ । नेपाल क्रान्तिकारी किसान सङ्घ चानपा ७ तपादम्फो एकाइको आयोजनामा शुक्रबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लाका उपाध्यक्ष न्हुच्छेभक्त फोजुले किसान सङ्घको महत्त्वबारे प्रकाश पार्दै मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई आत्मासात गर्दै अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले अहिलेको सरकारले आइतबार छुट्टि दिएर शिक्षा र स्वास्थ्य क्षेत्रमा खेलबाड गरेको उल्लेख गर्दै आइतबारको बिदा फिर्ता गर्नुपर्ने बताउनुभयो ।

उहाँले किसान कार्यकर्ताहरू राजनैतिक रूपमा सचेत र सङ्गठित हुनुपर्ने विचार व्यक्त गर्दै 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक पत्रिका अध्ययन गरी देशमा भइरहेको राजनैतिक र सामाजिक रूपमा सचेत रहनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिका सदस्य अर्जुन काफ्लेले जनता सचेत नभएसम्म देशको विकास नहुने भन्दै ठुला पार्टीको कारणले भदौ २३ र २४ गतेको घटना भएको बताउनुभयो । उहाँले किसानको जीवनस्तर उठाउन सरकारले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ चा.न.पा. ७ तपादम्फो एकाइका अध्यक्ष कुमार सुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा अमितले पनि बोल्नुभएको थियो ।

# बालबालिकाको सही पोषणबारे अभिभावक अभिमुखीकरण

भक्तपुर, १५ जेठ । बाल विकास सेकेन्डरी स्कूलको आयोजनामा अभिभावक भेला तथा विशेष अभिमुखीकरण कार्यक्रम शुक्रबार लिवाली सभा हलमा सम्पन्न भयो । कार्यक्रममा पोषणविद् डा.अरूणा उप्रेतीले अभिभावकहरूले पैसा खर्च गरेर पत्रु खाना खुवाएर आफ्ना बालबालिकाको स्वास्थ्य बिगार्न नहुने सुझाव दिनुभयो ।

उहाँले नेपालीको घरमा खाइने परम्परागत खानेकुराबाटै सन्तुलित भोजन प्राप्त गर्न सकिने उल्लेख गर्दै अखाद्य रसायनयुक्त खानाले मस्तिष्कघात, हृदयघात, कलेजो र मिर्गौलाको बिमारी निम्तिने गरेको अध्ययन अनुसन्धानले पुष्टि गरेको बताउनुभयो ।

विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले आफ्ना बालबालिकालाई माया गर्नुको अर्थ राम्रो राम्रो लगाउन दिने, मिठो मिठो खुवाउने मात्र होइन; राम्रो शिक्षा, सीप र संस्कार दिनु सही माया हुने बताउनुभयो ।




हिजोका बालबालिकालाई सही माया दिन नसक्दा सिंहदरबार र देश नै जलेको चर्चा गर्दै उहाँले आजका बालबालिकालाई सही मार्गमा लगाउनु बालबालिका,परिवार र देशकै भविष्य निर्माण गर्नु हो भन्नुभयो ।

कार्यक्रममा स्कूलका शिक्षिकाहरू सीता प्रजापति, सुलोचना छ्वाजू, वीणा कर्माचार्य र विजेश्वरी श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# आज फुटसलको फाइनल खेल तथा पुरस्कार वितरण

भक्तपुर, जेठ १५ । भक्तपुर युवा टीमको आयोजनामा जेठ ६ गतेदेखि १६ गतेसम्म सहिद स्मृति खेलमैदानमा सञ्चालन भइरहेको भक्तपुर नगर अन्तर वडाव्यापी फुटसल प्रतियोगिताको आज फाइनल खेल तथा पुरस्कार वितरण हुँदै छ ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा फुटसल प्रतियोगिताको फाइनल खेल तथा विजेता, उपविजेता, उत्कृष्ट गोलकिपर तथा खेलाडीलाई नगद पुरस्कारद्वारा सम्मानित गरिनेछ ।

सेमिफाइनलको पहिलो खेल ग्रुप ए बाट १० अङ्कसहित वडा नं ७ र सेमिफाइनलको दोस्रो खेल ग्रुप बी बाट १० अङ्कसहित वडा नं ८ फाइनलमा प्रवेश गरेका हुन् ।

फाइनल प्रवेश गरेको वडा नं ७ का दिपेश खाइजूले व्यक्तिगत ४ गोल तथा वडा नं ८ का मनिष बासीले व्यक्तिगत ९ गोल गरेका छन् ।

प्रतियोगिताको फाइनल खेल अघिसम्म ४ गोल गर्ने खेलाडीहरू क्रमश: वडा नं ८ का सन्जिवन गोसाई, वडा नं ५ का दिजन ख्वालापाला, वडा नं ७ का वियोन कर्माचार्य तथा वडा नं ३ का सविन किलम्बु, ५ गोल गर्ने खेलाडीहरू क्रमश: वडा नं २ का साजन सुवाल तथा वडा नं १० का रोहन प्रजापति, ६ गोल गर्ने खेलाडीहरू क्रमश: वडा नं ८ का विवेक बोहजू, वडा नं ५ का विवेक कवां तथा वडा नं ८ का सञ्जीव गोसाई रहेका छन् ।

शनिबार बेलुकी ६ बजे वडा नं ७ का विरुद्ध वडा नं ८ को फुटसलको फाइनल खेल हुनेछ ।

# प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढ्दो

राँझा (बाँके), १५ जेठ । पढ्दापढ्दै रोजगारीको अवसर मिल्ने भएपछि प्राविधिक शिक्षा अध्ययनमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ ।

पढाइ सकिएपछि जागिर खोज्न भौँतारिनुपर्ने आम युवाको नियति बनिरहँदा प्राविधिक शिक्षा अध्ययन गरेका विद्यार्थीले पढ्दापढ्दै रोजगारी पाउने भएकाले अध्ययनमा आकर्षण बढ्दै गएको नेपालगन्जस्थित भेरी प्राविधिक शिक्षालयकी प्रिन्सिपल आशाकुमारी श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार, पश्चिम नेपालकै प्राविधिक शिक्षाको केन्द्र मानिने यस शिक्षालयमा बाँके र बर्दियामात्र नभई कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाका विद्यार्थीहरूको ठुलो आकर्षण छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को मापदण्डअनुसार भर्ना र छात्रवृत्ति वितरण हुने यस शिक्षालयमा डिप्लोमा र प्रिडिप्लोमा तहमा विद्यार्थीको सङ्ख्या उत्साहजनक देखिन्छ ।

प्रिडिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल र डिप्लोमा तहमा इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा पढाइ हुने गरेको छ ।

विशेषगरी औद्योगिक करिडोरका रूपमा विकास भइरहेको यस क्षेत्रका उद्योगहरूका लागि भेरी प्राविधिक शिक्षालय जनशक्ति आपूर्ति गर्ने मुख्य स्रोत बनेकाले यहाँ अध्ययनरत विद्यार्थीले कोर्ष पूरा नहुँदै रोजगारीका अवसर पाउने गरेको शिक्षालयका प्रिन्सिपल श्रेष्ठको भनाइ छ ।

भेरी प्राविधिक शिक्षालयमा डिप्लोमा लेभल इलेक्ट्रिकल, मेकानिकल, सिभिल, फार्मेसी र रेडियोग्राफी कोर्षमा आर्थिक वर्ष २०७९/८० मा १३५ पुरुष र ५१ महिला गरी १८६, आव २०८०/८१ मा १३३ पुरुष र ५४ महिला गरी १८७, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा ११६ पुरुष र ६५ महिला गरी १८१ विद्यार्थीले अध्ययन गरेका छन् ।

प्रि-डिप्लोमा तर्फका इलेक्ट्रिकल, मेकानिकल, सिभिल, इलेक्ट्रोनिक, अटोमोबाइल, रेफ एन्ड एसी र सेक्रेटियल कोर्षमा आव २०७९/८० मा १७५ पुरुष र ५२ महिला गरी २२७, आव २०८०/८१ मा १५७ पुरुष र २६ महिला गरी १८३, आव २०८१/८२ मा ११७ पुरुष र ५७ महिला गरी १७४ र आव २०८२/८३ मा १३१ पुरुष र २१ महिला गरी १५२ विद्यार्थीले अध्ययन गरेका छन् ।

बजारको मागअनुसार शिक्षालयले नयाँनयाँ कार्यक्रम र कोर्षहरू थप्दै लगे पनि ती कार्यक्रमलाई धान्ने भौतिक पूर्वाधार र स्रोतसाधन भने वर्षौंदेखि थपिएका छैनन् । पुराना कक्षाकोठा, सीमित प्रयोगात्मक प्रयोगशाला र आवश्यक प्राविधिक सामग्रीको अभावकाबिच पनि शिक्षालयले गुणस्तर कायम राख्न सङ्घर्ष गरिरहनु परेको प्रिन्सिपल श्रेष्ठले बताउनुभयो । ***(रासस)***

हार्दिक समवेदना



जन्म
२०१२/०४/२९

स्वर्गारोहण
२०८३/०२/०४

यस G8 समूहका सदस्य हरिकृष्ण प्रजापतिकी ममतामयी माता **ज्ञानलक्ष्मी प्रजापति**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**G8 समूहका साथीहरू**

सुनिल दुवाल
सरोज कोजु
बिमल कुसी
विजेन्द्र कर्माचार्य
उकेश प्रजापति

अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात–निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

आर्थिक सुशासन कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा